नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218




वर्ष ३ | अंक १४४ | २०८१ साल चैत्र २५ गते सोमबार | Monday 07, April 2025 | सूर्योदय: बिहान ५:५३ बजे | सूर्यास्त: साँझ ६:२३ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# वायु प्रदूषणले मधेशी नागरिकको आयु पाँच वर्ष घट्दै



**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**

मधेश प्रदेशको राजधानी जनकपुरधाममा करिब एक सातादेखि हावा अस्वस्थकर छ । जसकारण घर बाहिर निस्किँदासमेत स्वास्थ्यमा गम्भीर असर देखा पर्ने गरेको छ । बिनामास्क घर बाहिर निस्कँदा धूलो शरीरमा टाँसिने गरेको छ भने नाकमा समेत धूलो जमेको आभास हुने गरेको छ । राजधानीसहित विभिन्न स्थानमा वायु प्रदुषण अत्यधिक बढेपछि मधेश प्रदेशसमेत यसबाट अछुतो देखिएको छैन । मधेश प्रदेशको विभिन्न जिल्लामा समेत वायु प्रदूषणले समस्या नित्याएको छ । वायु प्रदूषण क्षेत्रमा काम गरिरहेको विज्ञका अनुसार मधेश प्रदेशसमेत यसबाट अछुतो देखिदैंन । खास गरी दिउँसो मधेश प्रदेशको शहरमा हिँडन समेत समस्या हुने गरेको छ । अत्यधिक गर्मी र त्यसमा पनि अस्वस्थ वायुका कारण समस्या देखिएको हो । वायु प्रदूषण बढ्नुमा भारतको असरसमेत देखिने गरिएको छ भने नेपालमा समेत विभिन्न शहरमा तीव्र औद्योगिकिकरणको प्रभावले मधेशलाई अस्तव्यस्त बनाएको छ । वायु प्रदूणको प्रत्यक्ष असर मानवको स्वास्थ्यमा परिरहेको छ । विशेष गरेर वायु प्रदूषणको कारण लाग्ने रोगले मधेशमा बढी प्रभाव पारिरहेको छ ।

मधेशमा वनजंगलमा लाग्ने गरेको आगोका कारणसमेत प्रदूषण बढेको छ । हरेक वर्ष वन जंगलमा आगो लाग्ने गरेको छ । तर यसलाई रोकथाम गर्ने कुनै पनि निकायको नीति नदेखिएका कारणसमेत समस्या आउने गरेको छ । अर्कातर्फ भारतको कतिपय जिल्लामा खेतीपछि बचेका परालमा समेत आगो लगाउने गरेका कारण यसको असर भारतसहित नेपालमा पर्ने गरेको छ । मधेश प्रदेशको धेरैजसो स्थानीय तहमा फोहोर बिर्सजन गर्ने नीति अभाव रहेका कारण संकलन गरिएका फोहोर जलाउने गरिँदा वायु प्रदूषण बढेका हो ।

सबैभन्दा धेरै मधेश प्रदेशमा बस्ने व्यक्तिको आयु वायु प्रदूषणका कारण सरदरमा ५.०८ वर्ष घटिरहेको छ भने लुम्बिनीमा ३.६८ वर्ष घटिरहेको छ । बागमती प्रदेशमा बस्नेको आयु औसतमा २.५८ वर्षले घट्दा सबैभन्दा थोरै कर्णालीमा बस्नेको आयु १.७८ वर्ष मात्रै घटेको छ । जिल्लागत रूपमा हेर्दा सबैभन्दा धेरै रौतहटका बासिन्दाको आयु सरदरमा वायु प्रदूषणका कारण ५.३३ वर्ष घटेको छ । त्यसैगरी, महोत्तरीमा बस्नेको ५.२६ वर्ष घटिरहेको छ । काठमाडौँमा बस्नेको आयु प्रदूषणले २.५८ वर्ष खोसिरहेको छ ।

मधेश प्रदेशको पर्सामा ५.२२ वर्ष, बारामा ५.२ वर्ष, रौतहटमा ५.३३, सर्लाहीमा ५.०२, महोत्तरीमा ५.२६, सिरहामा ४.८६, सप्तरीमा ४.६१ प्रदूषणले औषत उमेर घटाएको एअर क्वालिटी लाइफ इन्डेक्सका अनुसार २०२२ मा वायु प्रदूषणले नेपालीको औसत आयु ३.३५ वर्ष घटाएको जनाइएको छ ।

वातावरणविद अजित श्रीवास्तवले वातावरण क्षेत्रमा प्रभाव जलवायु परिवर्तनले समेत पार्ने गरेको जिकिर गरे । उनले भने, 'एक दुई वटा कारण मात्रै छैन, नेपाल र भारतका किसानले धान काटेपछि परालमा लगाउने गरेको असर एकातिर छ भने स्थानीय तहले फोहोर संकलन गरेर खुला ठाउँमा जलाउने कारणसमेत समस्या देखा पर्न थालेको छ । अर्का वातावरणविद् उदेश्वर लाल दासले समेत अस्पतालबाट निस्किने फोहोर बिसर्जन कसरी गर्ने भन्ने कुनै पनि अस्पतालले व्यवस्थापन गरेको पाइँदैन । उनीहरु साँझपख जलाउने गर्छन् । जो मानव स्वास्थय र वायु प्रदूषणलाई उच्च रुपमा बढाउँदछ । उनले अहिले मानवको आयुमा समेत यसको असर पर्ने गरेको बताए ।

मधेश प्रदेशमा वायु प्रदूणको कारणले हुने मुटुसम्बन्धी रोक, स्वासप्रस्वाससम्बन्धी रोगलगायतको जोखिमसमेत देखा परेको छ । तीन तहकै सरकारले विकासलाई प्राथमकितामा राखे पनि उनीहरु वायु प्रदूषणलगायतका समस्यालाई गम्भीरताका साथ नलिँदा समेत मधेशमा दिनप्रतिदिन वायु प्रदूषण बढेको छ ।

# गढीमाई मेलाबाट १ करोड ८० लाख नगद आम्दानी




**मधेशदृष्टि**
**बारा ।**

मंसिरमा लागेको गढीमाई पञ्चवर्षीय मेलाबाट १ करोड ८० लाख रुपैयाँ भन्दा बढी नगद आम्दानी भएको मेला सञ्चालन तथा व्यवस्थापन मूल समितिले जानकारी दिएको छ । गढीमाई मन्दिर परिसरको विवाह मण्डप प्रांगणमा मेलाको आयव्यय सार्वजनिकीकरण कार्यक्रममा समितिका अध्यक्ष गढीमाई नगरपालिकका नगर प्रमुख उपेन्द्र यादवले नगद १ करोड ८० लाख ९० हजार ८ सय २ रुपैयाँ आम्दानी भएको जानकारी दिए ।

मंसिरभर र माघको खिचडीमा लागेको मेलामा जग्गाभाडा, मनोरञ्जन व्यवस्थापन, विशेष दर्शन, राँगा र परेवा व्यवस्थापन, मुण्डन, पार्किङ, दानपेटी, पोखरी, गुदरी बजार, विद्युत् व्यवस्थापन, धरौटी र नगरपालिकाको अनुदान गरी ५ करोड ३६ लाख ३१ हजार ९ सय ३८ रुपैयाँ आम्दानी भएको बताइएको छ । मन्दिर सजावट र मेला व्यवस्थापनमा ३ करोड ५५ लाख ४१ हजार १ सय ३६ रुपैयाँ खर्च भएको समितिले जनाएको छ ।

मेलाको आम्दानी मन्दिरको विकासमा खर्च गरिने समितिका अध्यक्ष एवम् महागढीमाई नगरपालिकाका नगर प्रमुख यादवले बताए । त्यस्तै, मेलामा भक्तजनले सुन तथा चाँदीका गहना पनि चढाएको र गहना समितिमा राखिएको जनाइएको छ ।

# भौतिक पूर्वाधार विकास मन्त्रालयका नाममा अल्पकालीन आदेश

**राकेश यादव**
**गौर ।**

उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंजले बौधिमाई नगरपालिकासहित भौतिक पूर्वाधार विकास मन्त्रालय मधेश प्रदेश जनकपुरधामका नाममा कार्यादेश कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ । आर्थिक वर्ष २०८१–८२ को मधेश प्रदेश सरकारको विकास निर्माणको योजना कार्यान्वयनका लागि भौतिक पूर्वाधार विकास कार्यालयले नगरपालिकाका नाममा उपभोक्ता समिति गठन गर्न गरेको पत्राचारविरुद्ध दायर गरिएको उत्प्रेषणसहितको परमादेश मुद्दामा उच्च अदालतले यस्तो आदेश दिएको हो ।

रौतहटको बौधिमाई नगरपालिका वडा नम्बर ७ का वडा अध्यक्ष नरेन्द्र कुमार सिन्हा, वडा सदस्य सुजाता देवी, शेख खबिरु रहमान, मिना देवी र सीताराम प्रसाद कुशवाहाले निवेदक भई बौधिमाई नगरपालिका, नगरपालिकाका प्रमुख, पूर्वाधार विकास कार्यालय गौर रौतहट, भौतिक पूर्वाधार विकास मन्त्रालय र भौतिक पूर्वाधार विकास निर्देशनालयमाथि दिएको रिट सुनवाई गर्दै न्यायाधीश निर्मला शाक्यको एकल इजलासले अल्पकालीन आदेश जारी गरेको हो ।

चैत १९ गते भएको आदेशमा चैत २८ गते छलफलका लागि उपस्थित गराउन भनिएको छ । मुद्दाको अन्तिम किनारा नभएसम्म 'सडक मर्मत तथा स्तरोन्नतिका लागि गठन गरिएको उपभोक्ता समिति र समितिले कार्य हेतुले पाएको कार्यादेशलगायत योसँग सम्बन्धित सम्पूर्ण कार्य नगर्नु, नगराउनु यथास्थितिमा राख्न र राख्न लगाउनु भनी विपक्षीका नाममा अल्पकालीन आदेश जारी गरिदिएको छु' भनी आदेश पत्रमा लेखिएको छ ।

स्थानीय वडा नम्बर ७ बंकुलमा सडक मर्मत तथा स्तरोन्नति, गण्डक नहरदेखि दक्षिण बसीमजीको घर हुँदै भारतीय सिमानासम्म सडक ढलान, अड्बा नदीमा पक्की पुल निर्माण, वडा नम्बर ७ सरमुजवामा आन्तरिक सडक मर्मत तथा स्तरोन्नतिका लागि पूर्वाधार विकास कार्यालयले नगरपालिकाका नाममा पत्राचार गर्दा नगरपालिकाले वडा नम्बर ८ का वडाअध्यक्ष बिन्देश्वर राय यादवलाई प्रतिनिधि खटाई गोप्य तरिकाले उपभोक्ता समिति गठन गरी योजना कार्यान्वयन गर्न खोजेपछि उजुरी दिइएको निवेदक वडाअध्यक्ष सिन्हाले बताए ।

योजना कार्यान्वयन हुने वडामा भेला बोलाएर सबैको सहभागितामा उपभोक्ता समिति गठन गर्नु पर्ने कानूनी प्रावधान रहेकामा प्रदेश सरकारबाट कमिसन दिएर ल्याइएको योजनाको उपभोक्ता समिति कानून विपरीत गठन गरिएकाले बदर गर्न रिट दिइएको उनको भनाइ छ । गठन गरिएको उपभोक्ता समितिमा ३३ प्रतिशत महिला सहभागिता गराउनु पर्नेमा २८ प्रतिशत मात्र सहभागी गराइएको दाबी गरिएको छ । उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापनसम्बन्धी कार्यविधि २०८० को दफा ४ को व्यवस्थाविपरीत गठन गरिएको उपभोक्ता समिति बदर गरी पुनः वडा कार्यालयका नाममा पत्राचार गरी उपभोक्ता समिति गठन गराई योजना कार्यान्वयन गराउनु पर्ने माग निवेदकहरुको रहेको छ ।

मधेश प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्रीले १० देखि २० प्रतिशत कमिसन लिएर योजना बिक्री गरिरहेको भनी विभिन्न सञ्चारमाध्यममा चर्चा चुलिएका बेला बौधिमाई नगरपालिकामा परेको उजुरीले यसलाई पुष्टि गरिरहेको स्थानीयको टिप्पणी छ ।

## शुभकामना सन्देश



### सिंचाइ दिवस २०८१

सिंचाइ दिवस २०८१ को सुखद् उपलक्ष्यमा प्रदेशभरिका खेती किसानी कार्यमा संलग्न रहेका कृषकहरू, जल उपभोक्ताहरु, जल उपभोक्ता संघ/संस्थाका प्रतिनिधिहरू, सिंचाइसँग सम्बन्धित कर्मचारीहरू तथा मन्त्रालयका कर्मचारीहरू लगायत सम्पूर्णमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मधेश प्रदेशमा उपलब्ध कृषियोग्य जग्गामा वर्षैभरि सिंचाइ सुविधा उपलब्ध गराउनु प्रदेश सरकारको लागि चुनौती रहेको छ। प्रदेशस्तरमा सतह सिंचाइका योजनाहरू र भूमिगत सिंचाइका योजनाहरूको क्रमशः कार्यान्वयन गरी सिंचाइयोग्य जमिनमा पानी पुर्याउने प्रयास भइरहेको छ, तर यो प्रयास अपर्याप्त रहेको छ। पूराना सिंचाइ योजनाहरूको समयानुकुल मर्मत, सम्भार र संचालन पनि उच्च प्राथमिकतामा रहेको छ। केही पूराना योजनाहरू जिर्णोद्धारनै गर्नु पर्नेछ । किसानद्वारा संचालनमा रहेका परम्परागत सिंचाइ प्रणालीहरु सिंचाइ विकासका मेरूदण्डका रुपमा रहेका छन् । यी योजनाहरूको आधुनिकीकरणमा प्रदेश सरकार सचेत रहेको छ।

असिंचित खेतहरूमा पानी पुर्याउन नवीन प्रविधिमा आधारित सिंचाइ विधिहरूको प्रयोगलाई पनि व्यवहारमा ल्याइदैंछ । ठूला सिंचाइ योजनाहरू भन्दा साना सिंचाइ योजनाहरू छिट्टै कार्यान्वयन गरी प्रतिफल उपलब्ध गराउन सहायक हुन्छन् । उपलब्ध सिंचाइयोग्य प्रति लिटर पानीको सिंचाइगर्न सक्ने दक्षता पनि असाध्यै न्यून रहेको छ, सिंचाइ योजनाहरूबाट उच्च प्रतिफल हासिल गर्न सिञ्चित क्षेत्र विकासका कार्यक्रमहरू संचालनमा ल्याइदैंछ । सिंचाइ योजनाहरूको कार्यान्वयन र संचालनमा उच्च लगानीको आवश्यक्ता पर्दछ । जलवायु परिवर्तनका असरहरू सतह जलस्रोतमा पर्ने विषय प्रत्यक्ष नै हुँदै गएको छ अतिवृष्टि र अनावृष्टिका रूपमा। भूमिगत जलस्रोतमा त्यसको प्रभावको मूल्यांकनका लागि अध्ययन र अनुसंधान आजको आवश्यक्ता रहेको छ।

सिंचाइ योजनाको परिकल्पना, अवधारणा, नियोजन, कार्यान्वयन, संचालन एवम् मर्मत–सम्भार कार्य प्रदेश सरकार र यसका निकायहरूबाट मात्र असंभव छ। योजनाका प्रत्येक चरणमा समुदायस्तरबाट सक्रिय जनसहभागिता उपलब्ध हुनु योजनाको सफल कार्यान्वयनको लागि अति आवश्यक रहेकोले प्रत्येक सरोकारवालाहरूलाई हातेमालो गर्न सादर अनुरोध गर्दछु। अन्तमा ज्ञात अज्ञात शहीदहरूप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु।

**मा. शेष नारायण यादव**
**मन्त्री**
**ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्रालय,**
**मधेश प्रदेश सरकार, जनकपुरधाम, नेपाल**

# एनएमसी कलेज र कर्मचारी संचय कोषबीच सम्झौता

**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंजको नेसनल मेडिकल (एनएमसी) कलेज शिक्षण अस्पताल र कर्मचारी सञ्चय कोषबीच कर्मचारी सञ्चय कोष ऐन २०१९ अनुसार सम्झौता भएको छ । कोषको सामाजिक सुरक्षा योजना सञ्चालन विनियम २०८० अन्तर्गत सञ्चयकर्ता स्वास्थ्य उपचार योजनाबमोजिम सम्झौता भएको पाइएको हो ।

सञ्चयकर्ता स्वास्थ्य उपचार योजनाबमोजिम कोषका सञ्चयकर्तालाई औषधी उपचारमा सहजीकरण गर्ने उद्देश्यले सम्झौता गरिएको नेशनल मेडिकल कलेज शिक्षण अस्पतालका प्रबन्ध निर्देशक शहनाज अन्सारीले बताए ।

सञ्चयकर्ताले सुविधा दाबी गर्दा पेश गरेका अस्पतालसँग सम्बन्धित कागजात, बिल वा अन्य कुनै पनि विषयमा कोषबाट थप अध्ययन गर्न आवश्यक परे अस्पताले पूर्ण सहयोग गर्ने, सम्झौता गरेबापत कोषले अस्पताललाई तथा अस्पतालले कोषलाई कुनै शुल्क, कमिसनलगायत आर्थिक व्ययभार हुने कार्य नगर्ने, अस्पतालले सञ्चयकर्तासँग यस योजनामा सिफारिस वा सहजीकरण गरेबापतको कुनै शुल्क वा कमिसन नलिने जस्ता विभिन्न ८ वटा बुँदामा दुवै पक्षका बीच सहमति भएको उनको भनाइ छ ।

सामाजिक सुरक्षा योजना सञ्चालन विनिमय २०८० अन्तर्गत सञ्चयकर्ता स्वास्थ्य उपचार योजनाको प्रभावकारी कार्यान्वयन गर्ने र सञ्चयकर्तालाई स्वास्थ्य उपचार खर्च सोधभर्ना उपलब्ध गराउने प्रयोजनको लागि आवश्यक बिल भौचर र अन्य प्रमाण साथै यो प्रक्रियामा सहजीकरण गर्नु कोष र अस्पताल बीचको सम्झौताको साझा उद्देश्य हो । सम्झौतामा नेसनल मेडिकल कलेज शिक्षण अस्पतालका तर्फबाट प्रबन्ध निर्देशक अन्सारी र कोषका तर्फबाट हेटौँडा शाखा कार्यालय प्रमुख डा. दिलिपराज पौडेलले हस्ताक्षर गरेका छन् ।

# दुई कठ्ठाको गहुँ जलेर नष्ट

**मधेशदृष्टि**
**बारा ।**
फेटा गाउँपालिका–३, इदगाह टोलमा गहुँको खेतमा आगलागी हुँदा दुई कठ्ठामा लगाइएको गहुँ पूर्ण रूपमा जलेर नष्ट भएको छ । स्थानीय सुरेन्द्र प्रसाद साहले खेतमा गहुँ नलमा आगो लगाइरहेको समयमा अचानक आगोको झिल्का उडेर नजिकै रहेको सहदेव गिरीको गहुँ बारीमा सरेर आगलागी भएको इलाका प्रहरी कार्यालय प्रसौनीका प्रहरी निरीक्षक सुरेश राज भट्टले जानकारी दिए ।

घटनास्थलमा स्थानीय र इलाका प्रहरीको सहयोगमा दमकल प्रयोग गरी समयमै आगो नियन्त्रणमा लिइएको थियो । यद्यपि, गिरीको ५ कठा क्षेत्रफलमा फैलिएको गहुँ बालीमध्ये २ कठा गहुँ पूर्ण रूपमा जलेर नष्ट भएको प्रहरीले जनाएको छ ।

# फतुवा बिजयपुरमा बर्थिङ सेन्टर भवन निर्माण हुँदै

**मधेशदृष्टि**
**रौतहट ।**
फतुवा बिजयपुर नगरपालिकास्थित स्वास्थ्य चौकी तथा बर्थिङ सेन्टर भवन निर्माण शुरु भएको छ ।



फतुवा बिजयपुर नगरपालिकाको कार्यबाहक मेयर अम्बेया खातुनले भवन शिलान्याश गरेसँगै ८ कोठे १ तले भवनको निर्माण शुरु भएको हो । मेयर खातुनले जनताको घरआँगनमै स्वास्थ्य उपचार सेवा पुर्याउने उद्देश्यले बिजयपुरमा थप नयाँ स्वास्थ्य चौकी भवन तथा बर्थिङ सेन्टर भवन निर्माण गर्न लागेको बताइन् । नगरपालिकाको एक वडा एक स्वास्थ्य संस्था निर्माण गर्ने लक्ष्यका साथ भवन निर्माण कार्यलाई निरन्तरता दिइरहेको मेयर खातुनले जानकारी गराइन् । पुरानो तथा जीर्ण स्वास्थ्य चौकी भवनको स्तरोन्नति गर्ने, जनशक्तिको उचित व्यवस्थापन, स्वास्थ्य चौकी नभएको वडामा स्वास्थ्य चौकी निर्माण गर्ने कार्यलाई विगतदेखि नै प्राथमिकता दिँदै आएको मेयर खातुनको भनाई छ । २६ लाख रुपैयाँको लागतमा ८ कोठे भवनको निर्माण कार्य भइरहेको फतुवा बिजयपुरका प्रमुख प्रशासकीय अधिकृत भरत यादवले बताए ।

# आगलागीको घटना वृद्धि

**मधेशदृष्टि**
**रौतहट ।**
गर्मीको सुरुवातसँगै रौतहटका वन जङ्गलमा डढेलोको प्रकोप देखिन थालेको छ । पश्चिमा तातो हावासँगै फैलँदो डढेलोले जंगली बोटबिरुवा मात्र नभई जनावरसमेत प्रभावित भएका छन् । जंगली जनावरहरू डढेलोबाट जोगिन सुरक्षित आश्रय स्थल तिर भाग्ने गरेको स्थानीय बताउँछन् । अहिले दैनिक जसो यहाँ वन जङ्गलमा डढेलो लाग्ने गरेको स्थानीय विकास सुवेदीले बताए । उनका अनुसार वन जङ्गलमा डढेलो सँगै हिउँदमा वन्यजन्तु चोरी निकासी प्रमुख समस्या देखिन्छ । डढेलोले जंगली जनावर बासस्थान छाडी बस्ती आसपास र राजमार्गमा देखा पर्ने गरेकाले सिकारीहरूलाई समेत वन्यजन्तु सिकार गर्न सजिलो भएको उनको भनाइ छ । जिल्लाको उत्तरी भेगमा लमहा, पौराई, गैडाटार, चन्द्रनिगाहपुर, भोलनटार, सिमरी, बलेरी, जंगलसैया, भैसहीलगायतका जंगल क्षेत्रमा डढेलो बढी लाग्ने गरेको पाइन्छ । गर्मीमा सुरुवात भएदेखि नै डढेलो लाग्ने गरेकोले वन जङ्गल नजिकको बस्तीमा पनि जोखिम उत्तिकै रहेको चन्द्रपुर नगरपालिका वडा नम्बर ६ का वडाअध्यक्ष सहदेव केसीले बताए ।

# वृद्धाश्रमलाई खाद्यान्न

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको ठोरी गाउँपालिका वडा नम्बर १, भगवाननगरस्थित वृद्धाश्रममा उपकार सेवा नेपालले खाद्य तथा दैनिक उपभोग्य सामग्री उपलब्ध गराएको छ । आश्रममा आश्रित २२ अपाङ्ग, सुस्त मनस्थिति भएका, वृद्धवृद्धा, आमाबुवा तथा बालबालिकालाई लक्षित गरी संस्थाले चामल, दाल, चना, सोयाबिन, खानेतेल, नून, खुर्सानी, धनिया, जीरा, बेसार, सर्फ, साबुन, डाइपर र टुथपेस्टलगायतका सामग्री प्रदान गरेको हो । आश्रमको प्राङ्गणमा आयोजित कार्यक्रममा उपकार सेवा नेपालकी अध्यक्ष विद्या कुमारी सरावगीले आश्रमका सदस्य राम बहादुर थिङलाई सामग्री हस्तान्तरण गरिन् । अध्यक्ष सरावगीले संस्थाले प्रत्येक महिना आश्रमलाई सहयोग गर्दै आएको र आगामी दिनमा पनि यसलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरिन् ।

# रामनवमीको अवसरमा शोभायात्रा

**मधेशदृष्टि**
**गौर ।**
रौतहटको सदरमुकाम गौरमा आइतबार भव्यरुपमा शोभायात्रा निकालिएको छ । मर्यादा पुरुषोतम भगवान रामको जन्मोत्सव राम नवमीको अवसरमा हिन्दू युवाले झाँकीसहित शोभायात्रा निकालेका हुन् ।

गौरका सनातनी युवाको समूहले प्रत्येक वर्ष रामनवमीका दिन भगवा रंगको झन्डा, झाँकीसहित मोटर साइकल र्याली गर्दै आएको र यस वर्ष पनि भव्य र सभ्य शोभायात्रा निकालिएको आयोजक समितिका देवेन्द्र अधिकारीले बताए । गौर राइस मिलको प्रांगणबाट भगवान राम, माता सीता, हनुमान, शंकर भगवानसहितको झाँकी, बाजागाजा, घोडा, मोटर साइकलसहित जय श्री रामको नारा लगाउँदै निस्केको शोभायात्रा नगर परिक्रमा गर्दै गौर–५ मा रहेको राम मन्दिर पुगेर पूजाआर्चनामा परिणत भएको थियो । शोभायात्रामा सहभागी भएका राम भक्तजनलाई प्रादेशिक अस्पताल गौरका सञ्चालक समितिका अध्यक्ष मोहमद अनवर हासमीले जुस वितरण गरेका थिए । राम नवमीको अवसरमा गौरको विभिन्न ठाउँमा भगवा रंगको झन्डा लगाइएको थियो ।

# 'ध्ये' खोलामा पुल नहुँदा सास्ती

**मुस्ताङ ।**
उपल्लो मुस्ताङको लोघेकर दामोदरकुण्ड गाउँपालिकाका पाँचवटै वडामा कच्ची सडक विस्तार भइसकेको छ । पालिकाको एउटा वडामा पुल नहुँदा वर्षौंदेखि स्थानीय र पर्यटकलाई समस्या भएको छ ।

मुख्यराजमार्ग सडकले जोडिएको लोघेकर दामोदरकुण्ड–१ चराङबाट कालीगण्डकी पारिको लोघेकर दामोदरकुण्ड–५ ध्ये र ताङ्ग्या गाउँ जोड्ने कालीगण्डकी नदीको मिश्रण 'ध्ये' खोलामा पुल नहुँदा त्यस क्षेत्रका नागरिक र पर्यटकलाई बर्खायाममा आवतजावत गर्न सास्ती खेप्नुपरेको छ । मुस्ताङको चराङबाट 'ध्ये' खोला कटेर ध्ये र ताङ्ग्या गाउँ हुँदै मनाङको नाफु जोड्ने पर्यटकीय पदमार्ग पर्छ । उपल्लो मुस्ताङबाट ध्ये र त्याङ्ग्या हुँदै मनाङ जाने छोटो दूरीको पर्यटकीय पदमार्ग पर्ने भएकाले त्यहाँ पुलको आवश्यकता महसुस गरिएको थियो । उत्तरी कोरलापास र दामोदरकुण्डसहित अन्य शाखा नदीको समिश्रण 'ध्ये' खोलामा पुल आवश्यकता धेरै अघिदेखि गरिए पनि हालसम्म त्यहाँ पुल बन्न सकेको छैन । गाउँपालिका केन्द्र चराङ र कोरला सडकसँग ध्येगाउँ र ताङ्ग्या गाउँ जोड्ने कालीगण्डकी 'ध्ये' खोलामा पुल नहुँदा समस्या भएको लोघेकर दामोदरकुण्ड–५ का वडाध्यक्ष पासाङ गुरुङले जानकारी दिए । 'ध्ये' खोलामा पुल नहुँदा ध्ये र ताङ्ग्या गाउँका नागरिकलाई पालिका केन्द्र र सदरमुकाम जोमसोम आवतजावत गर्न समस्या हुने गरेको छ । 'बर्खायाममा त कालीगण्डकी ध्येखोलाको बाहव उच्च हुन्छ, खोला तरेर वारिपारि गर्न सकिँदैन,' वडाध्यक्ष गुरुङले भने, 'बर्खायामको तीन–चार महिना त हाम्रो गाउँमा पूरै नाकाबन्दी लगाएजस्तै हुन्छ, पुल नहुँदा यताउता जान पनि मिल्दैन ।' भौगालिक रुपले विकट ध्ये र ताङ्ग्या गाउँमा उत्पादन हुने कृषि उपज र पशुपालनको बजारीकरण गर्नमा समेत पुल नहुँदा समस्या पर्ने गरेको वडाध्यक्ष गुरुङले बताए । 'बर्खायाममा खोला ठूलो भएर तर्न सकिँदैन,' उनले भने, 'हिउँदयाममा खोला घटेपछि भने तरेर आवतजावत गर्ने गरेका छौँ ।'

मुख्य राजमार्ग सडकअन्तर्गत पालिकाको केन्द्र चराङबाट एक घण्टा ओरालो झरेर ध्येखोला तरेर केही मिनेट उकालो लागेपछि ध्ये र ताङ्ग्या गाउँमा पुग्न सकिन्छ । यद्यपि यी दुई गाउँमा कच्ची सडकको पहुँच जोडिए पनि ध्येखोलामा पुल नहुँदा समस्या परेको हो । त्यस क्षेत्रका नागरिकले बर्खायाममा खाद्यान्न तथा दैनिक उपभोग्य सामान हिउँदयाममा खोलाको सतह घटेपछि मात्रै ढुवानी गरेर मौज्दात राख्ने गरेको वडाध्यक्ष गुरुङले उल्लेख गरे ।

सङ्घीयतापछि लोघेकर दामोदरकुण्ड–१ र ५ जोड्ने गरी यहाँ पुल बनाउन गाउँपालिकाले पहलकदमी गर्दै आएको थियो । झन्डै ५०० मिटर दूरीमा फैलिएको ध्येखोलामा पुल निर्माणका लागि वैज्ञानिक अध्ययन र सर्भेसमेत भएको थियो । दुईवटा सरकारी निकायले विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरे पनि सरकारले त्यहाँ पुलका लागि बजेट विनियोजन नगर्दा समस्या भएको हो । कृषि र पशुपालन व्यवसायमा आश्रित त्यहाँका नागरिक सरकारले पुल बनाइदेला भन्ने आशमा छन् । ध्ये र ताङ्ग्य गाउँ जोड्ने पुल निर्माणका लागि यसअघि पूर्वाधार विकास निर्देशानालयले डिपिआर तयार गरेको थियो । रासस


## कर्जा चूक्ता गर्न आउने बारेको पुन: १५ दिने अत्यन्त जरुरी सूचना

यस कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गरेको विभिन्न शिर्षकका कर्जाहरु लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार समय समयमा बुझाउनु पर्ने सांवा, ब्याज आदि नतिरी नबुझाई ऋण लिंदा गरेको शर्त, कबुलियत उल्लंघन गरेको र बैंकले मौखिक एवं लिखित रुपमा पटक पटक तरतागेता गर्दा तथा विभिन्न मितिमा मधेशदृष्टि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने तथा १५ दिने सूचना जारी गर्दा समेत सो कर्जाको तिर्नु पर्ने सम्पूर्ण सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान नगरेको हुंदा पूण:यो १५ दिने सूचना प्रकाशित गरिएको छ । यो समय भित्रमा कर्जाको सम्पूर्ण सांवा, ब्याज ,हर्जाना ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नुहुन पूण:यो १५ दिने सुचना प्रकाशित गरिएको छ । अन्यथा उल्लेखित मिति भित्रमा बुझाउनू पर्ने सम्पूर्ण कर्जा सांवा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगरेमा यस बैंकलाई कर्जाको सुरक्षण वापत लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३, नेपाल राष्ट्र बैङ्क तथा वित्तिय संस्थालाइ जारी गरीएको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनामा आउने निर्देशन,परिपत्रहरु, बैङ्कको कर्जा असुलि निति तथा अन्य सम्बद्ध ऐन कानूनले दिएको अधिकार प्रयोग गरी धित्तोमा रहेको चल अचल सम्पति जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरि वा अन्य व्यवस्था गरि बैंकको सांवा, व्याज, हर्जाना लगायत असुली कारवाहीको सिलसिलामा भएका अन्य खर्चहरु समेत असुल उपर गरी लिने तथा लेना रकम असुल उपर नभएको खण्डमा तपाई ऋणीहरु तथा धन जमानी दिनेको घर घराना/चल अचल सम्पतिबाट असुल उपर गरिनुका साथै प्रचलित नियम कानुन बमोजिम तपाई ऋणी तथा जमानीकर्तालाई कालो सूचिमा राख्न सिफारिश गर्ने व्यहोरा समेत ऋणी, जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

### तपसिल

**१)ऋणीको नाम र ठेगाना**

**क**) कम्पनी ऐन २०६३ को दफा ५ को उपदफा १ बमोजिम नेपाल सरकार, उद्योग ,वाण्जिय तथा आपूर्ति मन्त्रालय ,कम्पनी रजिष्ट्रारको कार्यलय ,त्रिपुरेश्वर,काठमाडौंमा मिति २०८०/०२/०२ गते दर्ता भै दर्ता नं. ३१३०२९/७९/०८० औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ५ र औद्योगिक व्यवसाय नियमावली अनुसार अनुसुचि ४ बमोजिम प्रदेश सरकार, प्रदेश नं. २ , उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय, उधोग,वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय,पर्सा,विरगंजमा मिति २०७७/०७/२३ गते दर्ता भै उद्योग दर्ता नं.१२१७२/०७७/०७८ , अन्तर्गत दर्ता कायम भई जिराभवानी गा.पा. ०६, पर्सामा कार्यालय रहेको भण्डारी एकिकृत कृषि फर्म प्रा.लि.को प्रोप्राईटर स्व. तुल्सी भण्डारी थारुको नाति, स्व. कासी भण्डारी थारुको छोरा जिल्ला पर्सा, शंकर सरैया गा.वि.स. वडा नं. ९ घर भई हाल विरगंज म.न.पा. वडा नं. ११ बस्ने(ना.प्र.न. ८४९३०९८० मिती २०३८/०८/२८ जि.प्र.का. पर्सा) बर्ष ६२ को विकाउ प्रसाद भण्डारी ।

**ख**) स्व. तुल्सी भण्डारी थारुको नाति, स्व. कासी भण्डारी थारुको छोरा जिल्ला पर्सा, शंकर सरैया गा.वि.स. वडा नं. ९ घर भई हाल विरगंज म.न.पा. वडा नं. ११ बस्ने(ना.प्र.न. ८४९३०९८० मिती २०३८/०८/२८ जि.प्र.का. पर्सा) बर्ष ६२ को विकाउ प्रसाद भण्डारी ।

**कर्जाको सुरक्षण विवरण**

**क**) स्व. तुल्सी भण्डारी थारुको नाति, स्व. कासी भण्डारी थारुको छोरा जिल्ला पर्सा, शंकर सरैया गा.वि.स. वडा नं. ९ घर भई हाल विरगंज म.न.पा. वडा नं. ११ बस्ने(ना.प्र.न. ८४९३०९८० मिती २०३८/०८/२८ जि.प्र.का. पर्सा) बर्ष ६२ को विकाउ प्रसाद भण्डारीको नाममा दर्ता कायम रहेको जिल्ला पर्सा बिरगजं वडा नं १४ स्थित किता नं २७३ र २७४ को जम्मा क्षेत्रफल क्रमश ८४.६५ र ६७.७२ वर्ग मिटर को घरजग्गा ।

ख)स्व. तुल्सी भण्डारी थारुको नाति, स्व. कासी भण्डारी थारुको छोरा जिल्ला पर्सा, शंकर सरैया गा.वि.स. वडा नं. ९ घर भई हाल विरगंज म.न.पा. वडा नं. ११ बस्ने( ना.प्र.न. ८४९३०९८० मिती २०३८/०८/२८ जि.प्र.का. पर्सा) बर्ष ६२ को विकाउ प्रसाद भण्डारी**को** नाममा दर्ता कायम रहेको जिल्ला पर्सा शंकर सरैया गा.वि.स. वडा नं ०९ स्थित किता नं. ५ र १९ को जम्मा क्षेत्रफल क्रमश ००५७५ र ००१९० वर्ग मिटर को जग्गा ,जिल्ला पर्सा सुपौलि वडा नं ०७ स्थित किता नं. २४० को जम्मा क्षेत्रफल ५४५१.९४ वर्ग मिटर को जग्गा तथा जिल्ला पर्सा शंकर सरैया गा.वि.स. वडा नं ०६ स्थित किता नं.४५ को जम्मा क्षेत्रफल १७३३५ वर्ग मिटर को जग्गा ।

ग)स्व. कासी भण्डारी थारुको बुहारी, विकाउ प्रसाद भण्डारीको पत्नी जिल्ला पर्सा शंकर सरैया गा.वि.स. वडा नं. ९ घर भई हाल विरगंज म.न.पा. वडा नं. ११ बस्ने ( ना.प्र.न ८४९३०९८१ जारी मिति २०४५/०१/०१ जि.प्र.का. पर्सा) बर्ष ६८ की **प्राणो देवी थरुनीको** नाममा दर्ता कायम रहेको जिल्ला पर्सा शंकर सरैया गा.वि.स. वडा नं ०६ स्थित किता नं.१४,१५ को जम्मा क्षेत्रफल क्रमश ०१०२०, ११२०० वर्ग मिटर को जग्गा ।

घ) स्व. तुल्सी भण्डारी थारुको नाति, स्व. कासी भण्डारी थारुको छोरा जिल्ला पर्सा, शंकर सरैया गा.वि.स. वडा नं. ९ घर भई हाल विरगंज म.न.पा. वडा नं. ११ बस्ने( ना.प्र.न. ८४९३०९८० मिती २०३८/०८/२८ जि.प्र.का. पर्सा) बर्ष ६२ को विकाउ प्रसाद भण्डारी**को** नाममा दर्ता कायम रहेको जिल्ला पर्सा सुपौलि वडा नं ०७ स्थित किता नं ४४४,१७१, ४८८, ३२७, ३२४ ,३२६ को जम्मा क्षेत्रफल क्रमश १५६६.१६, ५९२.५८ ,९४८.१४ ,३३८.६३ ,२१२.६७ ,१६९.३० वर्ग मिटर को घरजग्गा तथा जिल्ला पर्सा सुपौलि वडा नं ०३ स्थित किता नं २९८ को जम्मा क्षेत्रफल १७७७.८० वर्ग मिटर को घरजग्गा ।

**व्यक्तिगत जमानीकर्ताहरु :**

**क**) स्व. कासी भण्डारी थारुको नाति, विकाउ प्रसाद भण्डारीको छोरा जिल्ला पर्सा शंकर सरैया गा.वि.स. वडा नं. ९ घर भई हाल विरगंज म.न.पा. वडा नं. ११ बस्ने ( ना.प्र.न ८४९३१६७६ जारी मिति २०६२/११/१२ जि.प्र.का. पर्सा) बर्ष ३८ को **अनिल कपुर भण्डारी ।**

**ख**) विकाउ प्रसाद भण्डारीको बुहारी, अनिल कपुर भण्डारीको पत्नी जिल्ला पर्सा, पर्टेवा सुगौली गा.वि.स. वडा नं. ४ घर भई हाल विरगंज म.न.पा. वडा नं. ११ बस्ने ( ना.प्र.न ९०६०२४२८ जारी मिति २०६३/०६/०३ जि.प्र.का. पर्सा) बर्ष ३७ की **रिना कुमारी ।**

**ग**) स्व. कासी भण्डारी थारुको नाति, विकाउ प्रसाद भण्डारीको छोरा जिल्ला पर्सा शंकर सरैया गा.वि.स. वडा नं. ९ घर भई हाल विरगंज म.न.पा. वडा नं. ११ बस्ने ( ना.प्र.न ३४१०७२/२३५ जारी मिति २०६८/०९/२९ जि.प्र.का. पर्सा) बर्ष ३० को **सन्तोष कपुर भण्डारी थारु ।**

**घ**) विकाउ प्रसाद भण्डारीको बुहारी, सुनिल कपुर भण्डारी थारुको पत्नी जिल्ला पर्सा, सुपौली गा.वि.स. वडा नं. १ घर भई हाल विरगंज म.न.पा. वडा नं. ११ बस्ने ( ना.प्र.न ३४६०७९/१६८ जारी मिति २०६७/१२/२४ जि.प्र.का. पर्सा) बर्ष ३० की **सिन्धु कुमारी थारु ।**

**ङ**) स्व. कासी भण्डारी थारुको नाति, विकाउ प्रसाद भण्डारीको छोरा जिल्ला पर्सा शंकर सरैया गा.वि.स. वडा नं. ९ घर भई हाल विरगंज म.न.पा. वडा नं. ११ बस्ने ( ना.प्र.न ३४१०७२/७८ जारी मिति २०६६/०३/१७ जि.प्र.का. पर्सा) बर्ष ३१ को **सुनिल कपुर भण्डारी थारु ।**

**२)ऋणीको नाम र ठेगाना**

क) स्व.टंक नाथ सापकोटाको नाती स्व.छविलाल सापकोटाको छोरो जिल्ला काभ्रेपलाञ्चोक, साविक अनैकोट गा.वी.स. वडा नं. ३ हाल पांचखाल न.पा. वडा नं. २ बस्ने ना. प्र. नं. ४१९३०/१९३ मिति २०४९/०२/३२, जि.प्र.का. काभ्रे) वर्ष ५४ को **राजेन्द्र राज सापकोटा ।**

**कर्जाको सुरक्षण विवरण**

**क**) स्व.टंक नाथ सापकोटाको नाती स्व.छविलाल सापकोटाको छोरो जिल्ला काभ्रेपलाञ्चोक, साविक अनैकोट गा.वी.स. वडा नं. ३ हाल पांचखाल न.पा. वडा नं. २ बस्ने ना. प्र. नं. ४१९३०/१९३ मिति २०४९/०२/३२, जि.प्र.का. काभ्रे) वर्ष ५४ को **राजेन्द्र राज सापकोटाको** नाममा दर्ता कायम भएको काभ्रेपलान्चोक जिल्ला अनैकोट वडा नं. ८ स्थितको कित्ता नं.२००६ र २०१२ को जम्मा क्षेत्रफल क्रमश : ०-५-१-० र ०-१३-०-१ को घर जग्गा ।

**व्यक्तिगत जमानीकर्ताहरु :**

**क**) स्व.छविलाल सापकोटाको बुहारी, लालबहादुर बस्नेतको छोरी जिल्ला काभ्रेपलाञ्चोक, साविक अनैकोट गा.वी.स. वडा नं. ३ हाल पांचखाल न.पा. वडा नं. २ बस्ने ना.प्र.नं. ३०१००१/१७८८१८ मिति २०६५/१२/३१, जि.प्र.का. काभ्रे) वर्ष ५१ की **कमला सापकोटा ।**

**ख**) स्व.छविलाल सापकोटाको नाती, राजेन्द्र राज सापकोटाको छोरो जिल्ला काभ्रेपलाञ्चोक, साविक अनैकोट गा.वी.स. वडा नं. ३ हाल पांचखाल न.पा. वडा नं. २ बस्ने ना. प्र. नं. ३००१-०६८-२६५५४ मिति २०६८/०९/०३, जि.प्र.का. काभ्रे) वर्ष २८ को **दिपेश सापकोटा ।**

**नोटः ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

प्रधान कार्यालय:
गीता मन्दिर रोड, वीरगंज,पर्सा
फोन नं. ०५१-५३१०३१
शाखा कार्यालय: बसपार्क (बाईपास) बिरगंज
ड्राईपोर्ट, श्रीसिया, बिरगंज ।
टेडारोड, चोर्नी, (जीतपुर) ।

# जयनगर–बर्दिवास रेल्वेः मुआब्जा पाउने आशमा जग्गाधनी



**महोत्तरी** ।
जयनगर–बर्दिवास रेल्वेमा जग्गा परेर अझै उचित मुआब्जा नपाएका जग्गाधनीले राहत महसुस गरेका छन् । बर्दिवास नगरपालिका–१४ मा छ बिघा र भङ्गाहा–४ को १५ कट्ठा जग्गाको वर्गीकरणमा भएको त्रुटि रेल विभागले सच्याउने जनाएपछि रेल्वेले अधिग्रहण गर्नपूर्वका जग्गाधनीमा अब उचित मुआब्जा पाउने आश जागेको हो ।
जयनगर–बर्दिवासको जम्मा ६९ किलोमिटरको यो दूरीमध्ये ५१ किलोमिटरमा रेल्वेको ट्र्याक निर्माण भई सेवासमेत सञ्चालन भइसकेको छ । भङ्गाहा–बर्दिवास खण्डको १८ किमी दूरीभित्र उल्लेखित क्षेत्रफलको जग्गाको वर्गीकरण त्रुटिपूर्ण रहेको भन्दै जग्गाधनी आन्दोलनमा उत्रेपछि यसखण्डको निर्माणको काम अघि बढ्न सकेको छैन । यसैबीच, विभागले स्थानीय प्रशासन, जिल्लास्थित नापी कार्यालय, जग्गाधनी, रेल विभागका अधिकारी र बर्दिवास एवं भङ्गाहाका जनप्रतिनिधिको उपस्थितिबीच वर्गीकरणमा भएको त्रुटि सच्याइने जनाएपछि यस खण्डको काम सुरु गर्न अब निकास निस्केको छ । "रेल विभागका प्रतिनिधिले वर्गीकरण गरिएको नक्सामा भएको त्रुटि सच्याउने प्रतिबद्धता जनाउनुभएको छ", रेल विभागका प्रतिनिधि सुमोद पोखरेलको भनाइ उद्धृत गर्दै भङ्गाहा–४ का कुशेश्वर यादवले भने, "मुआब्जा निर्धारण समितिकै वर्गीकरणअनुसार रकम पाउन आन्दोलनमा उत्रिनुपर्‍यो, अब भने रकम पाइन्छ कि भन्ने आश जागेको छ ।"
रेल विभागले अधिग्रहण गरेको यादवको सडकसँगै जोडिएको जग्गा मुआब्जा वितरणका बेला नक्सामा सडक नदेखिएको भनेपछि विवाद बढेको हो । बर्दिवास–१४ को खोल्सीपैनी पश्चिमका लागि समितिले गरेको वर्गीकरण त्यही ठाउँको आफ्नो जग्गामा फरक परेको भन्दै ३५ किसान आन्दोलित भएपछि रेल्वेको भङ्गाहा–बर्दिवास खण्डको निर्माण रोकिएको हो । अहिले भने खोल्सीपैनी पश्चिमको आपूm हरुको रेल्वेले अधिग्रहण गरेको जग्गाको वर्गीकरणमा भएको त्रुटि रेल विभागले सच्याउने बताएपछि अब समितिले गरेको निर्धारणअनुसारको रकम पाउने आश जागेको रेल्वे आयोजना पीडित सङ्घर्ष समितिका अध्यक्ष बर्दिवास–१ का निरोज अधिकारीले बताए । रेल्वेले गरेको नक्साङ्कनमा अधिकारीसहितका ३५ जनाको जग्गा खोल्सीपैनी पश्चिम नकोरिँदा छ बिघा क्षेत्रफलका पुराना जग्गाधनीले पाउने मुआब्जा कम देखिँदा विवाद भएको हो । "हामीले बढी मागेकै हैनौं, जहाँ हाम्रो जग्गा छ, त्यो जग्गाको जे मुआब्जा तोकिएको छ, हामीले त्यही मागेका हौँ", उचित मुआब्जा नपाएपछि पीडितले गठन गरेको रेल्वे आयोजना पीडित सङ्घर्ष समितिका अध्यक्ष निरोज अधिकारीले भने "पैनीपश्चिमको जे अवस्थिति छ, रेल्वे विभागले नक्साङ्कन गर्दा सो नदेखिँदामात्र हामी मर्कामा परेर आन्दोलनमा उत्रिनुपरेको हो, अब रेल विभागका प्रतिनिधिले सो त्रुटि सच्याइने बताएपछि समाधान होला भन्ने लागेको छ ।" यसैगरी भङ्गाहा–४ का यादवको जग्गा सडकले छोएको भए पनि रेल्वेले गरेको नक्साङ्कनमा सडक कोरिएको छैन । यी दुवै ठाउँको जग्गाको अवस्थितिबारे स्थानीय तह र जिल्ला प्रशासन कार्यालयले स्थलगत अवलोकन गरी दिएको प्रतिवेदनसमेत विभागले कार्यान्वयन नगरेपछि जग्गाधनी आन्दोलित भएका थिए । भङ्गाहामा सडकले छोएको जग्गाको रु छ लाख र नछोएको जग्गाको रु एक लाख ५० हजार प्रतिकट्ठा मुआब्जा निर्धारण छ । आफ्नो जग्गा सडकले छोएको हुँदाहुँदै मुआब्जा चाहिँ नछोएको गरिँदा अन्याय परेको यादवको कथन छ । जयनगर–बर्दिवास रेल्वेतर्फ अब वर्गीकरणमा भएको त्रुटि सच्चिएपछि ट्र्याक निर्माण कार्य अघि बढ्ने वातावरण बन्दै गएको बर्दिवासका नगरप्रमुख प्रह्लादकुमार क्षत्रीको भनाइ छ । यद्यपि बर्दिवास–१४ मै पूर्व–पश्चिम रेलमार्गमा परेका १४ परिवारको घर उठाउन भने अझै समस्या रहेको छ । बर्दिवास–१४ का १४ घरपरिवारको मुआब्जा विवाद अझै जटिल नै छ । रेल विभागका प्रतिनिधि पोखरेलले यी परिवारका नाउँमा जग्गा नहुनु, जग्गा फिल्डबुकमा देखिए पनि अर्केको नाउँमा हुनुले सडक छेउमै हुँदासमेत यसको समाधान पहिल्याउन विशेष निर्णय नै पर्खिनपर्ने बताए । यी १४ घरपरिवार बसोबास गरेको जग्गा फिल्डबुकमा स्व निरबहादुर हमालको नाउँ भेटिएको छ । फिल्डबुकमा नाउँ भए पनि जग्गाधनी प्रमाणपुर्जा बन्नुअघि नै उनको निधन भयो । अहिले स्व हमालले नै बसाएका उक्त परिवार ४० वर्षदेखि बस्दै आएको ठाउँबाट विस्थापित हुने भएका छन् । यस ठाउँमा जग्गाधनी प्रमाणपुर्जा नभएपछि मुआब्जा दिन नसकिने विभागको निर्णयले अहिलेको ठाउँ छुटेपछि कहाँ जाने भन्ने आधार नहुँदा प्रमुख जिल्ला अधिकारी लालबाबु कवारीले यिनको हकमा जग्गा हकदाबीको सूचना प्रकाशित गरी समस्या समाधान गर्न नयाँ प्रक्रिया सुरु गर्नु निकास हुने बताए । यो प्रक्रियाअनुसार आवश्यक निर्णयका लागि नेपाल सरकारलाई अनुरोध गरिँदा केही निकास निस्किने कवारीको निष्कर्ष छ । रासस

# चुरेक्षेत्रको पर्यटन प्रवर्द्धनमा चासो

**महोत्तरी** ।
नयाँ वर्ष २०८२ सुरु हुन अझै एक साता बाँकी छ । तर महोत्तरीको सुदूरउत्तरी क्षेत्रका चुरे पर्वतीय शृङ्खला आसपासमा नयाँ वर्ष तयारीको चहलपहल सुरु भएको छ । विसं परम्पराको नयाँ वर्षसँग आफ्नै दैननदिनको सम्बन्धले यस दिनलाई विशेष बनाउन युवा पुस्ताले केही दिन पहिले नै तयारी थालेका हुन् । जिल्लाका सुदुर दक्षिणी भेगका युवाले चुरे क्षेत्रका पर्यटकीय सम्भावनाका ठाउँको अवलोकनलाई महत्व दिएका छन् ।
यसपालिको नयाँ वर्षलाई विशेष बनाउन सामूहिक वनभोजसँगै प्राकृतिक सम्पदाबारे नजिकबाट नियाल्ने केही युवा समूहको तयारी छ । "साथीहरूसँग रमाइलो गर्ने त छँदैछ, हामी यो अवसरलाई चुरे क्षेत्रको प्राकृतिक सम्पदाको भण्डारसँग पनि नजिकबाट हेर्न बुझ्न चाहन्छौँ", भङ्गाहा–३ कटैयाका २५ वर्षीय सञ्जय यादव भने, "यसपालि हामीले नयाँ वर्षमा मधेशकै चुरेको सबैभन्दा अग्लो डाँडा चनौटे अवलोकनको योजना बुनेका छौँ ।"
चनौटेडाँडा मधेशमै फरक हावापानीको ठाउँका रूपमा चिनिन्छ । पूरै लेकाली हावापानीको चनौटेडाँडामा उच्च पहाडी क्षेत्रमा फल्ने फलफूल र तरकारी उब्जन्छन् । जुनार, सुन्तला, निबुवाजस्ता फलका रुख र स्कूस र चुच्चे करेलाजस्ता तरकारी यहाँ लटरम्म देखिन्छन् । आफ्नै जिल्लाको फरक भूगोलबारे जानकारी बढाउन यसपालि नयाँ वर्ष चनौटेडाँडामा मनाउने यादवको भनाइ छ । तलको मैदानमा अचाक्ली गर्मी बढिरहेका बेला हावापानीको फरक महसुस चनौटेले गराउने उनि बताछन ।
कतिको गन्तव्य सोलीघोप्टे डाँडा छ, कतिको गिद्धबास । सोलीघोप्टे महोत्तरीको चुरे पर्वतीय शृङ्खलाको जडीबुटीको भण्डार मानिन्छ । यसैगरी राइमण्डलडाँडामा लोपोन्मुख गिद्धको बासस्थान भेटिएको छ । रमाउने अवसरमा यी ठाउँबारे सार्वजनिक चासो बढाउन यसपालि नयाँ वर्षमा जिल्लाको भारतीय सीमावर्ती मटिहानीका युवाले यी ठाउँलाई रोजेका छन् ।
"नयाँ वर्षमा साथीहरूलाई चुरेका सोलीघोप्टे र गिद्धबाससहितका ठाउँको सामूहिक अवलोकन गराउँछौँ", मटिहानी–८ का ३० वर्षीय इसराफुल राइन भने "यी ठाउँ मटिहानीका साथीहरूका लागि नौला हुनेछन् ।"
चुरे शृङ्खला र त्यसका आसपासका कैयन ठाउँ पौराणिक र ऐतिहासिक महत्वका छन् । यी ठाउँबारे युवामा चासो बढ्नु सकारात्मक भएको बर्दिबास–५ का वडाध्यक्ष काहारमान स्याङ्वा बताउछन । चुरे र यस आसपासका राइमण्डलधाम, पञ्चधुरा माईस्थान, कालापानी उद्यान, टुटेश्वरनाथ, पाषाण युगकालीन हतियार कारखाना र झ्याउरेभाङ्रे एवं छोड्केसहितका ठाउँ अध्ययनकर्ताका लागि विशेष हुनसक्ने स्याङ्वा बताउछन ।
"महोत्तरीको चुरे पर्वत श्रेणी र काछमा २० भन्दा बढी बस्ती छन्," स्याङ्वा भन्छन "युवाले आफ्नो ठाउँबारे दिएको चासोले हामी उत्साहित छौँ ।"
चुरे शृङ्खलाको पाहाडि थुम्कोमा अवस्थित टटेुश्वरनाथ महादेव मन्दिर 'मधेशको कैलास' र नेपालको 'बाबाधाम'का नामले पनि चिनिन्छ । द्वापर युगमा वनबासमा रहेका पाण्डवले गुप्तबास सफलताका लागि यहीँ नै भगवान् शिवबाट वरदान पाएको बुढापाका बताउँछन् । बर्दिबास––३ को राइमण्डलधाम दानवले दुःख दिएपछि स्वर्गका राजा इन्द्रले तपस्या गरेर शिवजीलाई प्रसन्न गराएको ठाउँ भएको विश्वास गरिन्छ । यहाँ इन्द्रले नै स्थापना गरेको विश्वास गरिएको इन्द्रेश्वर शिवलिङ्ग छ । नजिकै पाषाण युगकालीन हतियार कारखानाको अवशेष फेला परेको छ । कारखानाबारे पुरातत्व विभागले थप खोजअनुसन्धान बढाएको बर्दिबास–३ का वडाध्यक्ष विराट विष्ट बताउछन ।
यसैगरी गिद्धबास र सिद्धगुफा पनि राइमण्डलधाममाथिको डाँडामा अवस्थित छ । यी ठाउँबारे विभिन्न अवसर पारेर अहिले अवलोकन गर्ने बढ्दै गएका उनको भनाइ छ । युवाको चासोमा चुरे क्षेत्र पर्नु यहाँका पर्यटकीय सम्भावनालाई पहिल्याउन र प्रवर्द्धन गर्न सहयोगी हुने देखिन्छ । चुरेकाछका पर्वतीय शृङ्खलाका फराकिला टार, सघन लताकुञ्ज र बुट्यान भएका फाँट पर्यटकीय गन्तव्य बन्ने सम्भावना छ । रासस

# श्रीराम जन्मोत्सव मनाइयो

**महोत्तरी** ।
आराध्यदेव श्रीरामको जन्मोत्सव आइतबार विशेष धार्मिक अनुष्ठानबीच मनाइएको छ । श्रीरामको जन्मदिनका अवसरमा यहाँका मठमन्दिर र देवालयमा विशेष उत्सव आयोजना गरिएका छन् ।
चैत शुक्ल नवमी श्रीरामको जन्म दिन मानिन्छ । श्रीराम त्रेता युगकालीन विदेह अर्थात् मिथिला नरेश शिरध्वज जनकका ज्वाइँ हुँदा सम्पूर्ण मिथिलावासी आपूm लाई उनको ससुराली मान्दछन् । "श्रीराम हिन्दू परम्पराका आराध्यदेवका रूपमा पूजित त हुनुहुन्छ नै, उहाँसँग मिथिलाको विशिष्ट नाता छ", मटिहानी–७ स्थित लक्ष्मीनारायण मठका महन्थ डा रवीन्द्रदास वैष्णव भने "यसकारण पनि मिथिलामा रामनवमी विशेष उत्सवका रूपमा मनाइन्छ ।"
पर्वका अवसरमा महोत्तरीका मटिहानीस्थित लक्ष्मीनारायण मठ, लक्ष्मीनारायण मन्दिर, जलेश्वरस्थित ब्रह्मचारीकुटी स्थान, बर्दिबास–१४ स्थित श्री रामजानकी कुटी र जिल्लाभरिकै विभिन्न ठाउँका रामजानकी मन्दिरमा धार्मिक अनुष्ठान आयोजना गरिएका छन् ।
पर्वका अवसरमा रामजानकी मन्दिरमा रामायण पाठ, एकाह (एकदिने श्रीमद् भागवत पाठ पारायण) र सुन्दरकाण्ड लीला आयोजित छन् । रामनवमी पर्वमा श्रीराम चरित्र वर्णन गरिँदै व्रत बसेर दशमी तिथि टेकेपछि साङ्ता गर्ने मैथिल चलन छ । चन्द्रमास गणनाको चैत शुक्ल नवमी मर्यादा पुरुषोत्तम श्रीरामको जन्म दिन मानिन्छ ।
हिन्दू परम्परामा भगवान् विष्णुका २४ अवतारमध्ये त्रेतायुगमा भएको रामअवतार विशेष वर्णित छ । मिथिलामा श्रीरामको आगमन, सीता स्वयम्वरमा सरिकता, सीतासँग विवाह र विवाहपश्चात मिथिलाका विभिन्न क्षेत्रमा श्रीरामको परिभ्रमणका किस्सा (कथा)ले रामनवमी पर्व यहाँ विशेष बन्दै आएको छ । श्रीराम भगवान् विष्णुका अवतार मानिएर मात्र नभई ज्वाइँ विशिष्ट अतिथि मानिने मैथिल परम्पराले पनि श्रीरामसम्बद्ध तिथि र उत्सव मिथिलामा सदियौँदेखि विशेष मानिदै आइएको सन्तहरूको भनाइछ ।
श्री रामनवमी पर्वका अवसरमा नेपाल सरकारले आइतबार सार्वजनिक बिदा दिएको छ ।
यसैगरी आइतबार नै वासन्ती नवरात्रको अन्तिम दिन हुँदा देवी मन्दिरमा चण्डी पाठ र देवीपूजनका कार्यक्रम आयोजना गरिँदै छन् । हिन्दू परम्परामा असोज शुक्लपक्ष र चैत शुक्लपक्षका अघिल्ला नौ दिन देवी पूजनका विशेष अवसर मानिँदै आइएको छ ।
शरद ऋतुमा पर्ने हुँदा असोज शुक्लपक्षको नवरात्रलाई शारदीय र चैत शुक्लपक्षको लाई वासन्ती भनिन्छ । शारदीय नवरात्रमा दशमीदेखि असोज शुक्लपक्षभरि हिन्दू परम्परामा टीकाटालाको परम्परा भए पनि वासन्ती नवरात्रमा भने टीकाटालाको चलन छैन । चैती दशहारा पनि भनिने यो पर्व आइतबार देवी पूजन गरेर विसर्जन गरिने परम्परा रही आएको छ । रासस


## वारिसनामा बदर सम्बन्धी दोस्रोपटक प्रकाशित सूचना

जिल्ला सप्तरी राजविराज नगरपालिका वडा नम्बर–१ मा जन्म भई जिल्ला ललितपुर उपमहानगरपालिका वडा नम्बर–१ बस्ने स्व. जसकरणका नाति बिजय सिंह चौरडियाको छोरा वर्ष ३३ को बिनित कुमार चौरडिया ना.प्र. नं. ५५९७६ मिति २०४९\०१\०७ जि.प्र.का. ललितपुरले मिति २०६२\०२\२० गते दर्ता नं. ४५६ नेपाली राजदुतावास नयाँ दिल्लीबाट काठमाण्डौ महानगरपालिका वडा नम्बर–३३ दिल्लीबजार बस्ने जसकरणको नाति खमचन्द्रको छोरा वर्ष ३२ को बिनेश कुमार चौरडिया ना.प्र. नं. ७७८५ मिति २०५०\०१\१८ जि.प्र.का. काठमाडौँलाई मुलुकी ऐन अ. व. ७१ (क) तथा रजिष्ट्रेशन महलको ११ (क) नम्बर अनुसार दिएको अधिकार तथा अधिकृत वारिसनामा मिति २०८१\१२\१० देखि बदर गर्दछु ।

**बिनित कुमार चौरडिया**
ललितपुर महानगरपालिका–१


# विद्युतीकरणपछि चन्द्रनगरका किसान मकैखेतीतर्फ आकर्षित



सर्लाही ।
चन्द्रनगर गाउँपालिकाका किसान विद्युतीकरणपछि मकैखेतीतर्फ आकर्षित भएका छन् । सिँचाइ सुविधा नभएपछि यहाँका किसानले अकासे पानीको भरमा खेती गर्दै आएका थिए । केहीले खेतमा डिपबोरिङ गरेर मकैखेती गर्दैआएका थिए । यसरी खेती गर्दा उत्पादनभन्दा लगानी धैरै लाग्ने गरेको चन्द्रनगर–२ का पुनित महतोले बताए । तीस कठ्ठा जग्गामा वर्णशङ्कर जातको मकै लगाएका उनले विद्युतीय मोटरबाट मकैखेतमा पानी लगाउँदै गरेको अवस्थामा भेटिए । विद्युतीकरणपछि खेतीपाती गर्न सहज भएको महतोको भनाइ छ ।
"यसअघि खेतमा पानीको उपाय नै थिएन", उने भने, "पोखरी वा नालामा जमेको पानी पम्पसेटबाट तान्ने गरेको थिए ।" पम्पसेटबाट पानी तान्न खर्चिलो हुने उनको भनाइ छ । "पहिला यही खेतमा एकपटक पानी तान्न रु तीन हजारदेखि रु चार हजारसम्म डिजलको खर्च हुन्थ्यो", महतोले भने, "अहिले त्यही लागतमा सिजनभरि (चारपटक) पानी तान्न पुग्छ ।"
स्थानीय तहले दुई वर्ष अघि खेत खेतमा (कृषि विद्युतीकरण) पोल गाडेर बिजुली पुर्याएको थियो । त्यसयता महतोलगायत यहाँका एक हजार २३५ बढी किसानले कृषि मिटर जडान गरिसकेका छन् । सिँचाइको व्यवस्था नहुँदा अकासे पानीको भरमा गहुँ, मसुरो, चना, उखुलगायत खेती लगाउने गरेका चन्द्रनगर–६ बबरगन्जका किसान सुवोध साहले बताए । यसरी गरेको खेतीमा लागत धैरे र उत्पादन थोरै हुँदा लागतसमेत नउठ्ने गरेको उनको अनुभव छ ।
"यहाँका खेत प्राणबिनाका शरीरजस्तै बनिसकेका थिए", साहले भने, "गाउँपालिकाले कृषि विद्युतीकरण गरेपछि खेत हराभरा बनेका छन् ।" अहिले प्रति कठ्ठामा चार क्विन्टलसम्म मकै उत्पादन हुने गरेको साहले बताए । उनले दुई वर्षदेखि आफ्नो र ठेक्का गरी तीन बिघा खेतमा वर्णशङ्कर जातको मकैखेती गरहेका छन ।
पानीको सुविधापछि तरकारीखेती फस्टाएको स्थानीय जितेन्द्र महतोले बताए । अहिले आफूसँग भएको दुई कठ्ठा खेतमा लगाएको तरकारी बिक्रीबाट पाँच जनाको परिवार पालनपोषण गर्न सकेको उनको भनाइ छ । अहिले यस क्षेत्रमा ठूलो क्षेत्रफलमा व्यावसायिक तरकारीखेती हुँदै आएको छ । मौसमअनुसार काउली, बन्दा, सिमी, बोडी, खुर्सानी, भिण्डीलगायतको तरकारी प्रशस्त उत्पादन हुने गरेको महतोले बताए । रासस

विद्युत् महसुल गाउँपालिकाले तिर्ने

चन्द्रनगर गाउँपालिकाकाले किसानको खेत खेतमा विद्युतीकरण गर्ने, निःशुल्क कृषि मिटर वितरण गर्नेमात्र नभई किसानले सिँचाइ गर्दा उठेको विद्युत् महसुलसमेत आफैँले तिरिदिने गरेको छ ।
आफ्नो पालिकाका अधिकांश नागरिक कृषि पेसामा संलग्न रहेकाले उनिहरूलाई सुविधा पुर्याउने उद्देश्यले योजना सुरु गरेको अध्यक्ष राजकुमार महतोले बताए । यसले नागरिकको जीवनस्तर सुधारमा मद्दत पुगेको उनको भनाइ छ । नजिकै खोला, नहरलगायत सिँचाइ व्यवस्था नभएका कारण किसान समस्यामा परेका उनले बताए ।
चालू आर्थिक वर्षको विद्युत् महसुल बिल सङ्कलन भइरहेकाले केही दिनभित्रमा विद्युत् महसुल भुक्तानी गरिने अध्यक्ष महतोले बताए । कृषि विद्युतीकरणपछि गाउँपालिकाका किसानले बाँझो छाडेको खेतबाट समेत मनग्य उत्पादन लिन थालेका छन् । यसरी प्रदान गरिएको कृषि मिटरबाट दुईदेखि १२ बिघासम्म खेतमा सिँचाइ गर्न सकिने कृषि प्रविधिकको भनाइ छ ।
कृषि विद्युतीकरणबाट विगत दुई वर्षमा मात्र यस पालिकाको नौ हजार बिघा खेत सिँचाइ गर्न सकिएको थियो । आगामी दिनमा पालिका क्षेत्रमा पानीका स्रोत संरक्षणका लागि अध्ययन भइरहेको अध्यक्ष महतोले बताए । यसअघि पालिकामा कृषि सिँचाइका लागि पोखरी निर्माण गरेर वर्षात्मा जमेको पानी प्रयोग गर्नुपर्ने बाध्यता थियो । रासस

## सम्पादकीय

# रामनवमी मेला र धार्मिक पर्यटन

माता सीताको जन्मभूमि हो जनकपुरधाम । र, जनकपुरधाममा रामनवमी पर्व धूमधामका साथ मनाइने परम्परा छ । भगवान् रामको जन्म चैत्रशुक्ल नवमी तिथिमा भएको स्मरणमा रामनवमी पर्व विशेष उत्साहका साथ मनाउने गरिन्छ । पहाडी भेगमा भने यसलाई चैते दशैँ उत्सवका रुपमा मनाइन्छ । रामनवमीका अवसरमा शनिबारदेखि नै भारतका विभिन्न भाग र नेपालका विभिन्न जिल्लाबाट श्रद्धालु भक्तजन, साधुसन्त जनकपुरधाममा आइपुगेका थिए । मर्यादा पुरुषोत्तम रामको जन्मजयन्तीका अवसरमा जनकपुरमा हुने रामनवमी महोत्सवको रौनक नै बेग्लै छ । जनकपुरधाममा भगवान श्रीरामलाई ज्वाइँका रुपमा पनि पुकारिन्छ । रामको प्रेमभूमि र सीताको जन्मभूमि जनकपुरधामको प्राचीन राममन्दिरमा महोत्सव नै हुने गर्छ । नेपाल र भारतका साधुसन्तसहित श्रद्धालु भक्तजनको उल्लेख्य सहभागिता रहन्छ । मन्दिर परिसरमा श्रद्धालुद्वारा भजनकीर्तनका साथै मिथिलाञ्चलमा जन्मसंस्कारमा गाइने गीतले रामको जन्मोत्सवकै अनुभूत गराउँछ।

त्रेतायुगमा चैत्रशुक्ल नवमीका दिन रामको जन्म भएको शास्त्रमा उल्लेख छ । अयोध्याका राजा दशरथपुत्र राम सूर्यवंशी क्षत्रिय राजकूलका ६१औँ पुस्ताका रूपमा मानिन्छन् । 'राम शब्द रम्' धातुबाट बनेको हो जसको अर्थ क्रीडा, खेल र आनन्द हुन्छ । विद्वानले यसलाई विभिन्न अर्थ लगाए पनि रामको अलौकिक सौन्दर्यमा जीव मात्रलाई रमाउने क्षमता छ, सोही क्षमताबाट उनको नाम राम भएको ग्रन्थमा उल्लेख छ । राम परब्रह्म, परमतप र परमतारक ब्रम्ह भएको विश्वासका आधारमा मानिसले आफ्ना सन्तति र ठाउँको नामसमेत राम राखेका पाइन्छ । महर्षि वैदिक विश्वविद्यालयमा गरिएको एक शोधमा विश्वमा रामको नाम जोडिएका एक हजारभन्दा बढी शहर छन् । धार्मिक ग्रन्थमा शिवको रामभक्ति तथा हनुमान, नारद, अत्रि, अनुसूया, भरत, शवरीलगायतको रामप्रतिको प्रेम, भक्ति र उपासनाका बारेमा चर्चा गरिएको छ । कल्याणस्वरूप र सत्यस्वरूपका रूपमा पूजा गरिने राम पुण्य र मोक्षदायक हुन् । जसले रामनवमी व्रत गर्छ, त्यसले सम्पूर्ण पाप नाश गरी सिद्धि पाउँछ भन्ने शास्त्रमा वर्णन गरिएको छ। विश्वका महापुरूषको परम्परामा राम एक मात्र मर्यादा पुरूषोत्तम हुन् भने उनको राज्य व्यवस्था र आदर्श लोकतन्त्रका लागि प्रेरणाका स्रोत मानिन्छ।

सुशासन, सुव्यवस्थालगायत लोककल्याणकारी, आदर्श व्यवस्थाका लागि शास्त्रीय गुणलाई एउटै शब्दमा पूर्ण अभिव्यक्ति दिन रामराज्य शब्दलाई व्याख्या गर्ने गरिएको छ । देशभक्ति, पितृभक्ति, मातृभक्ति, भातृप्रेम, प्रजावत्सलता, सरलता, सहिष्णुता, धार्मिकता, नैतिकता, क्षमाशीलता र वीरताका उदाहरण दिँदा पनि रामलाई सम्झिने गरिन्छ । कुर्था–जनकपुर–जयनगर मार्गमा नेपाल रेल्वे सञ्चालन भएकाले जानकी मन्दिर र राम मन्दिरमा दर्शन गर्ने श्रद्धालु भक्तजनको संख्यामा वृद्धि हुँदै गएको छ । यद्यपि धार्मिक पर्यटनमा भने जनकपुरधामले सोचेजस्तो विकास गर्न सकेको छैन । नेपाल र भारतलाई जोडेर बनाइएको धार्मिक सर्किट, जनकपुरबाट सिधा अयोध्यासम्म हवाई सेवाका कथा पूर्ण हुन सकेको छैन । राममहिमा अहिले पनि उत्तिकै उपादेयता बोकेर बसेको छ । सुशासन र जनतालाई अनुभूत हुने शासकका लागि रामराज्य मुखको बोलीमा सीमित छ । यस्तोबेला मधेशको गौरव, निधि, सभ्यता र सम्पदा रहेको धार्मिक धरोहरलाई पर्यटकीय हिसाबले विकास गर्नेतर्फ पनि शासकहरुले सोच्न जरुरी छ न कि अतिथिका रुपमा खादा र मालामा सीमित बनाउन्।

# तराई–मधेशका सन्दर्भमा सञ्चार र रेडियो नेपाल



धीरेन्द्र प्रेमर्षि

प्रजातन्त्र र प्रेस स्वतन्त्रता एकअर्काको परिपूरक भएरै होला देशमा जब–जब प्रजातान्त्रिक वातावरणको निर्माण भयो तब–तब सञ्चार जगत्ले उल्लेख्य फड्को मा¥यो । समग्र देशमै सञ्चार वा प्रेस जगत्ले प्रजातन्त्र वा लोकतन्त्र भनिएको समयमा नै जन्मने, हुर्कने र फस्टाउने मौका पाएको हुँदा तराई–मधेशका सन्दर्भमा औँलामा गन्न सकिने कामहरू पनि यसै समयको उपलब्धिभित्र पर्दछन् । नेपालमा एफएम रेडियोहरू स्थापनाको लहरले पछिल्लो समय गाउँ–गाउँ वा टोल–टोलहरूमा समेत एक किसिमले निजी प्रकृतिका रेडियोहरू हुन थाले । हाल हात–हातमा मोबाइलजन्य सञ्चारमाध्यम भइसकेको अवस्थालाई दृष्टिगत गर्दा भन्न सकिन्छ, नेपालमा यस अवस्थाको पूर्व अभ्यास रेडियो र टेलिभिजनहरूले लोकतान्त्रिक वातावरणमा थोरै समयमै मनग्य गर्न पाए । यो अवस्था आउनुपूर्व विद्युतीय सञ्चार क्षेत्रमा एकलौटी रजाइँ गर्दै आएको रेडियो नेपाल र नेपाल टेलिभिजनमध्ये रेडियो नेपालबाट तराई–मधेशको भाषाका नाममा शुरू गरिएको हिन्दी समाचार (वि.सं. २००७–२०२१) पहिलो पटकको प्रजातन्त्रको देन थियो । तर खास तराई–मधेशको भाषा, पूर्वी र मध्य तराईको जनभाषा तथा देशको दोस्रो सबैभन्दा ठूलो जनसमूहको भाषा मैथिलीमा २०४९ देखि समाचार प्रसारण प्रारम्भ भयो । यसलाई पुनस्थापित प्रजातन्त्र अथवा २०४६ सालको परिवर्तनको खास उपलब्धि मान्न सकिन्छ । यसकै निरन्तरतामा तराई–मधेशका भोजपुरी, अवधि, थारुलगायतका भाषामा २०५१ सालदेखि समाचार प्रसारणको शुरुआत भयो।

प्रजातन्त्रकै फलस्वरूप देशको विद्युतीय सञ्चार बिस्तारै सरकारको एकाधिकारबाट निस्केर एफएम रेडियोको स्वरूपमा जनताको हातसम्म पुग्यो । पछिल्लो समय देशमा एफएम रेडियोहरू सूचना र मनोरञ्जनको सजिलो र सर्वसुलभ माध्यमको रूपमा व्यापक भएको कुरामा दुई मत छैन । बरु यस व्यापकतापछि पहुँचमा यथेष्ट विस्तार भएपनि प्रभावमा सङ्कुचन आउँदै गएको यथार्थलाई पनि स्विकार्नु उपयुक्त हुन्छ।

आजको दिनमा भन्नुपर्दा नेपालमा एफएम रेडियोले आफ्नो परिचय र प्रभाव झण्डै साढे दुई दशकअघि नै स्थापित गरिसकेको थियो । तर यथार्थमा यसले व्यापकता र गहनता भने २०६२–६३ को जनआन्दोलनपछि मात्र पाउन सक्यो । यस्तो व्यापकता पाउनु पछाडि लोकतान्त्रिक आन्दोलनमा त्यतिखेर सञ्चालनमा आइसकेका एफएम रेडियोहरूले पु¥याएको योगदानको महत्वपूर्ण भूमिका थियो । त्यसैले जनआन्दोलनबाट बनेको तत्कालीन सरकारले पहिले–पहिले एफएम रेडियोहरूको इजाजतपत्र दिने सन्दर्भमा रहेका सारा अप्ठ्याराहरू पन्छाएर सहजताका साथ इजाजत दिन प्रारम्भ ग¥यो । यसपछि देशभरि एफएम रेडियो स्थापनाको बाढी नै आयो।

**मिथिला–मधेशमा रेडियोको भाषिक–सांस्कृतिक मुखरता**

कुनै पनि कुरालाई राम्रोसँग तौलिसकेपछि मात्र स्वीकार वा अङ्गीकार गर्ने स्वभावअनुसार तराईमा वा भनौँ मधेशीबहुल क्षेत्रमा लोकतन्त्रको आगमनपछि मात्र एफएम रेडियोको प्रत्यक्ष पहुँच सम्भव हुन सक्यो । तराई–मधेशकै कुरा गर्ने हो भने पहिलो चरणमा पनि विराटनगर, बुटवल, नेपालगञ्ज, वीरगञ्ज जस्ता ठाउँहरूमा एफएम रेडियो स्टेसनहरू स्थापना नभएका होइनन् । तर ती एफएमहरूले सञ्चालन गर्ने कार्यक्रमहरूमा भाषिक–सांस्कृतिक रूपले तराई र त्यहाँको जनमानसलाई सम्बोधन र प्रतिबिम्बन गर्नेतर्फ खासै ध्यान दिएको नपाइएको हुँदा तिनलाई तराई वा मधेशको भनिहाल्न अलि अमिल्दो नै देखिन्थ्यो । वस्तुतः सबै दृष्टिले आफूलाई तराई–मधेशको प्रतिनिधि शहरको रूपमा प्रस्तुत गर्दै आएको जनकपुरधाम लगायतको ठाउँमा पहिलो चरणमा यसरी विस्तार हुन थालेका एफएम रेडियोहरू पुग्ने सकेका थिएनन्।

नयाँ लोकतान्त्रिक वातावरणमा देशभरि एफएम रेडियो स्थापनाको लहर चल्यो । यस लहरले यदि सबैभन्दा बढी कुनै ठाउँलाई प्रभावित पा¥यो भने त्यो ठाउँ थियो प्राचीन मिथिलाको केन्द्र स्थल जनकपुरधाम । उसै पनि तराईको कुरा गर्नासाथ आमनेपालीको मनमस्तिष्कमा जनकपुर नै प्रतिनिधि स्थानको रूपमा स्थापित हुने गर्दछ र प्राचीन मिथिलाको राजधानी तथा मैथिली साहित्यिक–सांस्कृतिक क्रियाकलापका माध्यमबाट तराईको केन्द्रका रूपमा जनकपुरले नै जहिल्यै नेतृत्वदायी भूमिका निर्वाह गरेको देखिन्छ । यस अर्थमा जनकपुरमा एफएम रेडियो स्थापना भएपछि नै तराई–मधेश मूलका नेपाली जनताले तराई–मधेशमा रेडियोको वास्तविक स्वाद चाख्न पाए । यद्यपि जनकपुरमा एफएम रेडियो स्थापना गर्ने–गराउने मनस्थितिमा शाही शासनकाल भन्दा केही अघिदेखि नै थुप्रै व्यक्ति तथा सङ्घ–संस्थाहरू आइसकेका थिए । यो चाहना उत्कर्षमा पनि पुगिसकेको थियो । त्यसैले पहिलोपटक २०६३ सालको छठ पर्वका दिन रेडियो जनकपुरका नामबाट स्थानीय आवाज घन्केको ८ महिनाभित्रै जनकपुरमा आधा दर्जन एफएम सञ्चालनमा आए, जुन केही वर्षको अन्तरालमै एक दर्जनभन्दा बढी हुन पुगे।

तर पछिल्लो चरणमा यतिविघ्न सक्रियता र आत्तुरी देखाउने जनकपुर आखिर यतिका वर्षसम्म किन मौन थियो त ? यो एउटा विचारणीय विषय अवश्य हुन आउँछ । वस्तुतः तराईमा रेडियो स्थापना गर्नका लागि (जसरी पछिल्लो समय जनकपुरका एफएमहरू सञ्चालित भए) सफ्टवेयरका मामलामा हरेक सामग्रीको पहिचान र निर्माण शुरूदेखि नै गर्नु आवश्यक थियो । यसका लागि सञ्चालकहरूमा भाषिक–सांस्कृतिक चिन्तन, चेतना र आबद्धताका साथै आत्मविश्वास पनि जरुरी थियो । तर प्रारम्भिक चरणमा भाषिक–सांस्कृतिक एवम् कलात्मक संलग्नता भएका मानिसमा आर्थिक स्रोत र आत्मविश्वासको अभाव थियो भने आर्थिक साधन भएकाहरूमा आवश्यक सफ्टवेयर जुट्ने कुराप्रति संशयको अवस्था थियो । यसले गर्दा नेपालमा एफएम रेडियोको झण्डा फहराएको झण्डै सात वर्ष बितिसक्दा पनि तराई–मिथिला–मधेशको सांस्कृतिक केन्द्र तथा राजनीतिकलगायत अनेकौँ क्षेत्रमा प्रमुख हस्तक्षेपकारी भूमिका निर्वाह गर्दै आएको जनकपुरधाममा यस सरल एवम् प्रभावकारी विद्युतीय सञ्चारमाध्यमको बीजारोपणसमेत हुन सकेन।

यसका लागि वातावरण र आत्मविश्वास तब तयार भयो । जब राजधानी काठमाडौँमा केही एफएमहरूले तराईको प्रतिनिधि एवम् समृद्ध भाषा मैथिलीमा रेडियो कार्यक्रम सञ्चालन गरे । शुरू–शुरूमा मैथिली भाषामा कार्यक्रम चलाउनु भनेको एउटा औपचारिकता मात्र हुने मान्दै आइएको थियो । खासगरी राजधानीमा बस्ने तराईवासीहरू तरकारी, फलफूल बेच्ने स्तरका मात्र हुन्छन् र तिनीहरूसँग रेडियो सुन्ने वा भाषिक–सांस्कृतिक क्रियाकलापमा संलग्न हुने चासो र समय हुँदैन भन्ने शासकवर्गीय मानसिकताले यसमा काम गरिरहेको थियो । तर कार्यक्रम शुरू भएलगत्तै यथेष्ट मात्रामा श्रोताहरूको आबद्धता र प्रतिक्रिया प्रकट हुन थालेपछि अघि धुकचुक मानीमानी मैथिलीमा कार्यक्रम सञ्चालन गर्न थालेका सम्बद्ध रेडियो व्यवस्थापकहरू पनि दङ्ग परेका थिए । यसपछि राजधानीमा सञ्चालित प्रत्येक जसो एफएम रेडियोहरूले मुख्य रूपले मैथिली र त्यसका साथसाथै भोजपुरी भाषामा हप्ताको एक–दुई कार्यक्रम प्रसारण हुने बन्दोबस्त मिलाउन थाले।




एफएम रेडियोहरूमा मैथिली कार्यक्रमको प्रवेश र विस्तार

नेपालको रेडियो प्रसारणमा मैथिली भाषाको प्रवेशको कुरा गर्दा पञ्चायती कालदेखि नै चल्दै आएको फूलबारी नामक कार्यक्रमलाई लिन सकिन्छ । जसमा विभिन्न भाषाका गीतसङ्गीतका साथै मैथिलीका गीतसमेत प्रसारण गरिन्थे । रेडियो नेपालले उपलब्ध गराएको यो प्लेटफार्म साँघुरो, अस्थायी र अनिश्चित भएपनि मैथिलीलगायतका भाषाहरूको रेलगाडी पहिलोपटक यसैमा आएकोले महत्वपूर्ण थियो । तर रेडियोमा मैथिली भाषाको महत्वपूर्ण प्रवेश भने वि।सं। २०४९ सालको पुस १७ गते अर्थात् १ जनवरी १९९३ बाट भयो । यस दिनदेखि नेपालको सशक्त एवम् प्रभावशाली सञ्चारमाध्यम रेडियो नेपालले राष्ट्रिय प्रसारण अन्तर्गत दैनिक ५ मिनेटको समाचार मैथिली भाषामा प्रसारण गर्न थाल्यो । यस युगान्तकारी घटनाको प्रभाव कतिसम्म देखियो भने लगत्तै भारतीय आकाशवाणीले पनि रेडियो नेपालकै अनुसरण गर्दै मैथिलीमा समाचार प्रसारण गर्न थाल्यो।

मैथिली गीत सङ्गीत, कला–संस्कृति आदिसम्बन्धी कार्यक्रमको सन्दर्भमा २०५४ सालदेखि रेडियो नेपालका माध्यमबाट मैथिलीको उल्लेख्य प्रवेश भएको हो । यस समयमा रेडियो नेपालले अन्य भाषाका कार्यक्रमहरू पनि प्रसारण गर्न थालिसकेको थियो । गामक दलान नामको कार्यक्रमबाट मैथिलीमा साप्ताहिक कार्यक्रम शुरू गरिएको थियो । यस कार्यक्रममा मैथिलीका गीत सङ्गीत बजाइन्थे भने मिथिलाका चाड–पर्वहरूका विषयमा चर्चा–परिचर्चा गरिन्थ्यो । यो कार्यक्रम रेडियो नेपालका मैथिली समाचार वाचकहरूद्वारा नै सञ्चालन गरिन्थ्यो । तर १५ मिनेटको सीमित समय र सरकारी मिडियाजन्य बन्धनहरूका कारण यस कार्यक्रमले निजी क्षेत्रका एफएमहरूसमेत प्रभावित हुनेगरी मैथिलीको स्थान बनाउन खास भूमिका निर्वाह गर्न सकेन।

तथापि मैथिली भाषा–संस्कृतिका अभियन्ताहरूको प्रयासको परिणामस्वरूप निजी क्षेत्रको एफएममा पहिलो पटक २०५८ सालको साउन १६ गते साप्ताहिक एक घण्टाको हिसाबले एचबीसी एफएम ९४ मेगाहर्जमा मैथिली कार्यक्रमको प्रवेश भयो । चौबटिया नामक उक्त कार्यक्रम धीरेन्द्र र रूपा झाद्वारा सञ्चालन गरिन्थ्यो । यो कार्यक्रम एक महिनाकै समयावधिमा राजधानी काठमाडौँमा रहेका मैथिलहरूको बीचमा परिचित र लोकप्रिय बन्यो। चौबटिया कार्यक्रमले राजधानीमा रहेका मैथिली भाषाभाषी र भाषा–प्रेमीहरूलाई मातृभाषामा सूचना र मनोरञ्जन प्राप्त गर्ने साधन मात्र उपलब्ध गराएन, काठमाडौँ र अन्य सम्भाव्य ठाउँमा पनि मैथिलीसहित मधेशका भाषामा कार्यक्रम सञ्चालन गर्ने हौसला जन्मायो । फलस्वरूप चौबटिया सञ्चालनको समाचार साउन २६, २०५८, तदनुसार ९ अगस्त २००१ मा कान्तिपुर र द काठमाडौँ पोस्ट पत्रिकामा प्रकाशित भएपछि मनकामना एफएम, हेटौडाबाट पत्रकार महेश दासले दलान नामक कार्यक्रम मैथिली भाषामा शुरू गरे । यस बीचमा काठमाडौँमा रेडियो सगरमाथाले पनि मिथिलायात्रा नामक आधा घण्टाको कार्यक्रम थाल्यो । यस कार्यक्रममा उद्घोषण नेपालीमा गरेर गीतहरू भने मैथिली र भोजपुरीका बजाइन्थे । यसका लागि कार्यक्रम सञ्चालक मोहनकुमार सिंहले रेडियो सगरमाथालाई ६ महिनासम्मको लागि प्रायोजक खोजिदिएर पनि सघाएका थिए।

मैथिली कार्यक्रमहरूको लोकप्रियता झनै बढ्दै गएको देखिएपछि काठमाडौँ उपत्यकाका साथै सम्पूर्ण मिथिला क्षेत्रमा सुनिन थालेको कान्तिपुर एफएमले पनि मैथिली कार्यक्रम शुरू ग¥यो । धीरेन्द्र र रूपा झाद्वारा सञ्चालित कान्तिपुर एफएमको हेल्लो मिथिला कार्यक्रमले मैथिली कार्यक्रमको लोकप्रियतालाई उत्कर्षमा पु¥यायो। यस समयमा मनोज झा 'मुक्ति'ले पनि पहिले एचबीसी र पुनः इमेज एफएमबाट मैथिली गुञ्जन नामक कार्यक्रम सञ्चालन गर्न थाले । त्यसपछि काठमाडौँका विभिन्न एफएमबाट मैथिली कार्यक्रमहरू आउन थाले । यस क्रममा हृदयकान्त झा र ममता पण्डितद्वारा सञ्चालित अप्पन मिथिला (अध्यात्म ज्योति एफएम) र सरोज खेलाडीद्वारा सञ्चालित मिथिलाञ्चल (मेट्रो एफएम) आफ्ना विशेष प्रस्तुतिका कारण चिनिएका थिए । पछि प्रवीण चौधरी 'प्रतीक', धीरेन्द्र झा 'मैथिल', अमरकान्त ठाकुर 'अमर', राजकुमार यादव, राकेशकुमार देव, रवि साह, अर्चना महतो, कमल मण्डल, रश्मि झा, वीरेन्द्र ठाकुर र अन्य धेरै युवा पनि विभिन्न एफएममा कयौँ मैथिली कार्यक्रम सञ्चालनमा संलग्न भए।

राजधानी काठमाडौँमा सञ्चालित मैथिली कार्यक्रमहरूको लोकप्रियताबाट के प्रमाणित भयो भने मैथिली भाषा सूचना र मनोरञ्जन दिने कार्यमा पूर्णतः सक्षम र सफल छ । यसको प्रयोगबाट अर्थोपार्जन पनि राम्रोसँग गर्न सकिने आधारहरू पनि यी कार्यक्रमहरूले देखाइदिए र यसबाट मूल मिथिला क्षेत्रका जनताको ध्यान पनि आकर्षित गर्न सके । जब लाइसेन्स दिने प्रक्रिया सर्वसुलभ भयो, मिथिलाको केन्द्र जनकपुरधाममा एकैचोटि अनेकौँ रेडियोहरू स्थापित भए । मैथिली कार्यक्रमहरूको लोकप्रियताका कारण बन्दै आएको विश्वास र ठूलो जनआन्दोलनबाट प्राप्त लोकतन्त्रले मिथिला क्षेत्रका सबैजसो रेडियोहरूको प्रमुख भाषा मैथिली नै बन्न पुग्यो । आजको दिनमा मिथिलाको भाषिक र सांस्कृतिक सीमालाई समेट्ने क्षेत्रमा एक सयको हाराहारीमा रेडियोहरू स्थापित छन्, जसका माध्यमबाट मैथिली श्रव्य सञ्चार प्रचुर रूपमा फस्टाएको छ।

यद्यपि तराई मधेशमा पनि समग्र अवस्थालाई सन्तोषजनक मान्न सकिन्न । नेपालका प्रमुख शहरहरूमध्ये काठमाडौँ उपत्यका, पोखरा, सुर्खेत, धरानबाहेक प्रायः सबैजसो तराईमा पर्दछन् । तर मेचीदेखि महाकालीसम्मकै तराई क्षेत्रको कुरा गर्ने हो भने विभिन्न शहरमा सञ्चालित एफएमहरूले तराई–मधेश र त्यहाँका रैथानेहरूलाई केन्द्रित गरेर खासै कार्यक्रमहरू सञ्चालन गरेको पाइँदैनथ्यो । राज्यको पुरानो एकात्मक शासन प्रणालीले प्रक्षेपण गरेको खसवादी राष्ट्रवादलाई नै आधार मानेर विभिन्न रेडियोहरू सञ्चालित देखिन्थे । राजनीतिक सन्दर्भमा यो कुरा पछिल्ला दिनमा केही फरक देखिए तापनि भाषा, संस्कृति र तिनमा प्रयुक्त जनशक्तिहरूलाई समेत हेर्दा अवस्था र चिन्तनमा खासै फरक आएको देखिँदैन थियो । कतिसम्म भने मधेशीबहुल वीरगञ्ज जस्तो ठाउँमा स्थापित एफएमहरूसमेत उही पुरातन मानसिकतामै चल्ने गरेका थिए । त्यहाँको प्रमुख भाषा भोजपुरी भएर पनि एक चौथाइ कार्यक्रमसमेत कुनै एफएममा भोजपुरी भाषामा आउँदैनथे।

विराटनगरमा रहेका एफएमहरू सुनिने क्षेत्रमा पनि आधा जनसङ्ख्या मैथिली भाषाभाषीको छ । यसैगरी थारू, राजवंशी, झाँगड, सन्थाल जस्ता मधेशी जनजातिको सङ्ख्या पनि पर्याप्त छ । तर तिनको कार्य प्रक्रिया पनि आफूलाई समावेशी देखाउने नाममा एकाधवटा इतर खसभाषीय कार्यक्रम राख्नु सम्ममा मात्र सीमित छ । बुटवल, दाङ, नेपालगञ्ज र कैलालीका एफएमहरूमा पनि स्थानीय भोजपुरी–अवधि तथा थारू भाषामा कार्यक्रमको अवस्था उही अक्षता छर्केजस्तो छ । तराईका अन्य कुनै पनि ठाउँको रेडियो सुन्नासाथै यो अवधि, भोजपुरी वा थारू क्षेत्रको रेडियो हो भनेर बुझ्ने कुनै ठोस आधार फेला पर्दैन । यस्तोमा समग्र मिथिला र जनकपुर परिक्षेत्रका एफएमहरूले मात्र स्थानीय माटो र मुटुको भाषा र भावना प्रयोग गरेर लोकतन्त्रको मर्मलाई चरितार्थ गर्ने दिशामा आफूलाई सशक्त ढङ्गले अगाडि बढाएका छन्।

जनकपुरका एफएमहरूले लोकतन्त्रको मर्मलाई चरितार्थ गर्नेमात्र नभई सङ्घीयताको पूर्वाधार तयार गर्ने सन्दर्भमा पनि महत्वपूर्ण भूमिका र उदाहरण प्रस्तुत गरेका थिए । राजनीतिक बहसका रूपमा सङ्घीयता र त्यसको स्वरूपले प्रवेशै पाउन नसकेको अवस्थामा पनि जनकपुरका एफएमहरूले त्यसलाई एक किसिमले व्यवहारमै ल्याइसकेका थिए । देशको अन्य भागका कुनै मानिसले जनकपुर पुगेर त्यहाँका रेडियोहरूको कार्यप्रक्रिया र त्यसबाट त्यहाँको जनजीवनमा परेको प्रभावलाई हेर्दा आफू नेपाल देशको मिथिला प्रदेशमा आइपुगेको सहजै आभास पाउन सक्थे । भलै त्यसले राजनीतिक स्वरूप ग्रहण गर्ने बेलामा मिथिला नामले साकार रूप लिन पाएन, तर पनि त्यस प्रदेशको अन्तर्यमा अहिले पनि मिथिला नै जीवन्त रहेको पाउन सकिन्छ । कुनैपनि राज्य वा राष्ट्रलाई आकार दिने काम भूगोल र राजनीतिले गर्छ भने त्यसलाई सुदृढता प्रदान गर्ने अनि सिँगार्ने काम भाषा–संस्कृति र त्यसप्रति जनतामा रहेको गौरवानुभूतिले गर्दछ । यस प्रकार मैथिली भाषा–संस्कृतिको समुन्नत परम्पराको निरन्तरतालाई पछ्याउँदै जनकपुरे रेडियोहरूले नयाँ नेपालको मिथिलाको राजधानीका रूपमा जनकपुरलाई सिँगार्ने काम गरिरहेका छन् । गणतन्त्रलाई सुदृढ र सङ्घीयतालाई साकार रूप दिने काममा जनस्तरबाटै उठाइएको यो एउटा अग्रगामी कदम थियो।

यस्तो सार्थक र सकारात्मक अवस्था आउनुमा यसपूर्वको समयमा काठमाडौँबाट सञ्चालित मैथिली कार्यक्रमहरूले मिथिलावासीमा जगाएको भोक र मिथिला क्षेत्रका रेडियो सञ्चालकहरूमा पलाएको आत्मविश्वासको ठूलो भूमिका रहेको मानिन्छ।

भाषाभाषी सञ्चारको मियो यद्यपि रेडियो नेपाल

मैथिलीलगायत तराई–मधेशका भाषाहरूको विस्तारमा एफएम रेडियोहरूको उल्लेख्य भूमिका रहेतापनि समग्रमा यिनीहरूको मियो भने रेडियो नेपाल नै बनिरह्यो । एफएमहरूका कार्यक्रमको फैलावट परालको आगो सरह रह्यो भने रेडियो नेपालको यात्रा सुस्त तर अनवरत जारी रह्यो । यसलाई भूसको आगोको उपमा पनि दिन सकिन्छ । आज संघीय राजधानीमा केन्द्र राखी राष्ट्रिय प्रसारणकै समानान्तरमा रहेका मिडियाहरूको कुरा गर्ने हो भने रेडियो कान्तिपुरमा मात्र मैथिली कार्यक्रम रहेको छ । हेल्लो मिथिला नामबाट उक्त मैथिली कार्यव्रmम अविच्छिन्न रूपमा २४ वर्षदेखि साप्ताहिक रूपले सञ्चालित छ । बाँकी सबैजसो बन्द भइसकेको अवस्था छ । मिथिला क्षेत्रमै रहेका एफएमहरूमा अहिले पनि भाषिक–सांस्कृतिक सद्भाव त पाइन्छ तर प्रतिबद्धतामा बिटुलोपन आउँदै गएजस्तो देखिन्छ । कारण के हो भने पछिल्ला समयमा अधिकांश रेडियोहरू केन्द्रबाट निर्माण गरिने समाचार तथा कार्यक्रमहरूको रिले वा प्रसारण केन्द्रको हैसियतमा सीमित हुन पुगेका छन् । कार्यक्रम उत्पादनको क्रम शून्यमा झरेको छ भन्दा पनि साहै अमिल्दो हुँदैन होला।

रेडियो नेपालमा विविध भाषाका समाचार शुरू भएपछि अन्य भाषामा रहेको प्रतिबन्ध जस्तो स्थितिको अन्त्य भयो । मानिसले आ–आफ्नो भाषामा रेडियोले प्रसारण गर्ने समाचारको अनुवाद सुन्न थाले । तर जीवनका सुखदुख, हाँसो रोदन, गीत–सङ्गीत, कलासंस्कृति आदिसम्बन्धी कुनै कार्यक्रम भने सुन्न पाएका थिएनन् । यस्तैमा रेडियो नेपालबाटै २०५४ साल असारदेखि मैथिली, भोजपुरी, अवधि, थारू, तामाङ, नेपाल भाषालगायतका भाषामा एक–एकवटा साप्ताहिक कार्यक्रम प्रारम्भ गरिए । जम्मा १५ मिनेटका ती कार्यक्रमहरूमा प्रायः आ–आफ्नो मातृभाषाका गीत बजाउने र समसामयिक चाडपर्वका कुरा गर्ने गरिन्थे । खासगरी तराईका भाषाका यस्ता कार्यक्रमहरूमा मठमन्दिरहरूको परिचय, तीर्थाटनका साथै सांस्कृतिक कुरा पनि समाविष्ट हुन्थे । ती कार्यक्रमहरू सम्बन्धित भाषाका समाचारवाचकहरूले नै चलाउनुपथ्र्यो । यसका लागि कुनै किसिमको अतिरिक्त सुविधा दिइएको थिएन । यसले गर्दा सञ्चालकहरूमा त्यतिसारो उत्साह देखिँदैनथ्यो । छोटो समयावधि, सञ्चालकहरूमा स्वतन्त्रता भाव तथा यथेष्ट उत्साहको कमीले गर्दा ती कार्यक्रमहरूले जनमानसमा खासै प्रभाव पार्न नसके पनि सरकारी सञ्चारमाध्यमबाट आइरहेको कार्यव्रmम भएकोले त्यसको ऐतिहासिक महत्व केही विशेष अवश्य नै रहेको मान्न सकिन्छ।

तत्कालीन समयमा रेडियो नेपाल भनेको सरकारले प्रायोजन र नियन्त्रण गर्ने गरेको सञ्चारमाध्यम भएकोले त्यसका सञ्चारसम्बन्धी गतिविधिहरू उकुस मुकुसपूर्ण थिए । यसको अभीष्ट जनचाहनालाई सम्बोधन गर्नेभन्दा बढी सरकारलाई खुशी पार्ने दिशामा केन्द्रित हुन्थ्यो । तराई–मधेशका भाषाहरूको प्रसारणमा लोक रिझाउने तत्त्व खासै नभएको हुँदा ती कार्यव्रmमहरू प्रायः झाराटराइमा सीमित हुन्थे।

त्यसैले त्यहाँबाट प्रसारित कार्यक्रमहरू पछिल्लो समयका प्रतिस्पर्धात्मक र श्रोताका लागि विकल्पहरू प्रशस्त भएको समयमा लोकप्रिय हुन गाह्रो थियो । यस्तोमा प्रस्तोताले अतिरिक्त समय र श्रम खर्चेर आफ्नो वर्ग, क्षेत्र, समुदायका लागि कार्यक्रममा ज्यान भर्ने प्रयत्न गर्न सक्थे । तर त्यस्ता निजी प्रयास पनि चाहिँदो मात्रामा हुन नसकेकोले देशमा अनेकौँ एफएम स्थापना भइसक्दा पनि ती कार्यक्रमले तराईका भाषामा कार्यक्रम गर्न–गराउन प्रारम्भिक समयमा अन्य कुनै रेडियोलाई ईष्र्यालु बनाउन वा प्रेरित एवम् मार्गदर्शन गर्न सकेका थिएनन् ।

तर यो भनेको आजभन्दा दशक अघिसम्मको कुरो हो । यतिखेर धेरै चहकिला नभए पनि अनेकथरी सञ्चार दीपहरू अनवरत बालिराख्ने काम रेडियो नेपालले नै गरेको छ । अब रेडियो नेपाल सामुदायिक प्रसारणमा गइसकेको परिवर्तित र आशावादी अवस्था पनि छ । यस्तोमा यसका बाटाहरू पनि प्रशस्त भएका छन् । हाम्रो देशको सम्पदा भन्नु नै यहाँका वानस्पतिक, प्राकृतिक तथा सांस्कृतिक विविधताहरू हुन् । तर दुर्भाग्य भन्नुपर्छ,–यी सम्पदालाई नै अन्यथा बुझ्ने मानसिकता हामीकहाँ अहिलेसम्म व्याप्त छ । वस्तुतः देशलाई यथार्थ समृद्धिको गोरेटोमा डो¥याउने हाम्रा संसाधन भनेकै यिनै विविधताहरू हुन सक्दछन् । रेडियो नेपालले सामुदायिक प्रसारणको स्वरूप ग्रहण गरिसकेपछि समुदायको ढुकढुकी र सम्बद्ध भाषा–संस्कृतिलाई सच्चा संरक्षण दिने दिशामा आफ्ना कार्यक्रमहरूमा स्थान दिँदै जाने हो भने समुदायको मनोबल बढ्ने मात्र नभई देशको समृद्धिका लागि दिगो आधारशिला तयार पार्ने दिशामा पनि महत्वपूर्ण योगदान पु¥याउन सक्दछ । –रेडियो नेपाल

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ ।

# आइपीयुको दिगो विकास स्थायी समितिमा शाक्य निर्वाचित



काठमाडौँ ।
अन्तर–व्यवस्थापिका सङ्घ (आइपीयु)को दिगो विकास स्थायी समितिमा एसिया–प्रशान्त क्षेत्रबाट राष्ट्रियसभा सदस्य डा अञ्जान शाक्य निर्वाचित भएकी छन ।

उज्वेकिस्तानको राजधानी तास्केन्टमा भएको सम्मेलनका क्रममा उनि विजयी भएकी हुन । सांसद डा शाक्यसँगै माल्दिभ्स र इरानबाट पनि उम्मेदवारी परेको थियो । अन्तरव्यवस्थापिका सङ्घको १५०औँ वार्षिकसभा तथा असंलग्न आन्दोलन संसदीय सञ्जालको चौथो शिखर सम्मेलनमा सभामुख देवराज घिमिरेसहितको टोलीले भाग लिइरहेका छन । सभामुख घिमिरेले आइपीयुको दिगो विकास स्थायी समितिका ३६ देशका सभामुखलाई पत्र लेख्दै डा शाक्यको समर्थनका लागि आग्रह गरहेका थिए ।

सांसद डा शाक्यले दिगो विकास स्थायी समितिमा एसिया–प्रशान्त क्षेत्रको तर्फबाट उम्मेदवारी प्रस्तुत गरेका थिए । नेपालले पहिलोपटक यो मञ्चमा आफ्नो उपस्थिति जनाएको हो । सांसद डा शाक्यले आफ्नो जितसँगै यसले नेपालको प्रतिष्ठा अन्तरराष्ट्रिय मञ्चमा पनि बढाउन सहयोग पुर्याएको महसुस आफूले गरेको बताइन ।

“सभामुखज्यूले पत्र लेखेर नै मेरो समर्थनका लागि आग्रह गर्नुभएको थियो”, उनले भनिन, “मैले पनि व्यक्तिगत रूपमा मेरो समर्थनका लागि आग्रह गरेको थिएँ । हामी सबैको प्रयासले सफलता प्राप्त भयो ।”

उनले प्रधानमन्त्री, सभामुख, संसद् सचिवालयको अन्तरराष्ट्रिय महाशाखालगायतलाई पनि धन्यवाद दिइन । सांसद डा शाक्य राष्ट्रियसभाको विकास, आर्थिक मामिला तथा सुशासन समिति सदस्य तथा सोही समितिको दिगो विकास उपसमिति संयोजक छन । उनकै नेतृत्वमा ‘नेपाल अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुने सम्बन्धमा अध्ययन प्रतिवेदन–२०८१’ प्रतिवेदन तयार गरी राष्ट्रियसभाको विकास, आर्थिक मामिला तथा सुशासन समितिलाई बुझाइएको थियो । रासस

# शिक्षकको शान्तिपूर्ण आन्दोलन जारी




**काठमाडौँ ।**
नेपाल शिक्षक महासङ्घले विभिन्न माग राख्दै सुरु गरेको आन्दोलन आइतवार पनि जारी छ । शिक्षकहरु बबरमहल–बानेश्वर सडकमा भेला भएर सिठ्ठी बजाउँदै शान्तिपूर्ण तरिकाले सरकारको ध्यानाकर्षण गराएका छन ।


गुणस्तरीय शिक्षा, विद्यार्थी र शिक्षक– कर्मचारीमैत्री विद्यालय शिक्षा ऐन जारी हुनुपर्ने माग गर्दै शिक्षकहरु यही चैत २० गतेदेखि आन्दोलित छन् । नेपाल शिक्षक महासङ्घका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले गुणस्तरीय विद्यालय शिक्षाका लागि विद्यालय शिक्षा ऐन जारी नभएसम्म आन्दोलन जारी रहने बताए ।

महाङ्सघले आइतवार विज्ञप्ति जारी गरी यो अवधिमा उत्तर पुस्तिका परीक्षण, नतिजा प्रकाशन, तालिम–गोष्ठी, सेमिनार, शैक्षिक भ्रमणजस्ता कुनै पनि काममा संलग्न नहुन सबै शिक्षकहरुलाई आग्रह गरेको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले थाइल्याण्डको औपचारिक भ्रमण सम्पन्न गरी स्वदेश फर्केपछि शनिबार त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको अतिविशिष्ट कक्षमा आयोजित पत्रकार सम्मेलनमा सरकारमाथि विश्वास गरेर शिक्षकहरु शान्तिपूर्ण प्रदर्शनमा आउनुभएको बताए थिए ।

“सरकारले आवाज सुन्छ भन्ने उहाँहरुलाई विश्वास छ, हामी कुराकानी पनि गर्छौं, सरकारले उहाँहरुका कुरा सुन्छ, उहाँहरु न सरकार विरोधी न हामी उहाँहरु विरोधी हो”, प्रधानमन्त्री ओलीले भनेका थिए , “सबै हामी एउटै हो, के–कति गर्न सकिन्छ, के–कस्तो गर्नुपर्ने हो भन्ने कुरा परस्परमा बसेर सरसल्लाह र छलफल गरेर टुङ्ग्याउनुपर्छ, सरकारले कुनै पनि नकारात्मक राख्दैन, किन राख्नुपरेको छ ? समस्या टुङ्ग्याएर फर्किनुहुन्छ ।” रासस




# सेवा लिन लाइन बस्नुपर्ने स्थिति अन्त्य गरौँ




देशको विकासका निम्ति दलहरू नमिल्नु दूर्भाग्यपूर्ण हो । दलहरु सत्ताका लागि प्रतिस्पर्धा गर्नु विडम्बनापूर्ण छ । अब दलहरूले राम्रो नीति, कार्यक्रम ल्याउने कुरामा प्रतिस्पर्धा गर्नुपर्छ । अर्थ व्यवस्था सुधार गर्नका दलहरूको प्रतिस्पर्धा हुनुपर्छ । उत्पादन वृद्धि गर्दै पर्यटन र ऊर्जा, सूचना, सञ्चार, स्वास्थ्य, शिक्षा र प्रविधिको विकासका निम्ति प्रतिस्पर्धा गर्नुपर्छ । दलहरू एकले अर्कालाई आरोप–प्रत्यारोप गर्ने राजनीतिक संस्कार राम्रो होइन । दलहरूले काम गर्ने कुरामा प्रतिस्पर्धा गर्नुपर्छ । ‘भिजन’ दिने कुरामा प्रतिस्पर्धा हुनुपर्यो । एकले अर्काको खुट्टा तानातान गर्ने प्रवृत्ति गलत छ । दलहरूको साझा लक्ष्य देश विकास हुनुपर्छ । विकासका काममा दलहरू एकले अर्कालाई सहयोग गरेर जानुपर्छ । अहिलेको राजनीतिक संस्कार गलत छ । यो कुरालाई दलहरूले सुधार गर्नुपर्छ ।

संविधान कार्यान्वयनको अवस्था अत्यन्त ढिलो छ । नयाँ संविधानअनुसार कानुन बनिसकेको छैन । कानुन नबन्दा सरकारलाई काम गर्न अवरोध सृजना गरेको छ । कानुन नबन्दा प्रदेश र स्थानीय सरकारले गति लिनसकेको छैन । त्यसको मूल जरो राजनीतिक अस्थिरता हो ।

सङ्घीयतालाई अझै सुदृढ र बलियो बनाउन तीनै तहका सरकारको अधिकारबारे प्रष्ट हुनुपर्छ । सरकारको अधिकारबारे अन्योलता छ । खासगरी तीनै तहको सरकारको साझा अधिकारबारे अन्योलता छ । त्यसलाई प्रष्ट पार्नुपर्ने छ । सुशासनका निम्ति सरकारी काममा हुने ढिलासुस्तीको अन्त्य गर्नुपर्छ । त्यसलाई सुधार गर्न कानुनमा परिवर्तन गर्न जरुरी हुन्छ । सरकारले भर्खरै ल्याएको अध्यादेशले सुशासनका निम्ति सहयोग पुग्ने छ । तर पनि हाम्रो पुरानो कर्मचारी संरचनाका कारणले जनतालाई दिने सेवामा ढिलासुस्ती गर्ने प्रवृत्ति छ । सेवामा ढिला हुने भनेको भ्रष्टाचारको सम्भावना बढ्दै जानु हो । सरकारले अनलाइन सेवालाई सुदृढ गर्नुपर्छ । सरकारी सबै सेवालाई अनलाइन प्रणालीमा लैजानुपर्छ । सेवा लिनका लागि जनता लाइनमा बस्नुपर्ने परिस्थितिको अन्त्य गर्नुपर्छ ।

पूर्वराजालाई
राजसंस्थावादीहरूले गलत ढङ्गले मूल्याङ्कन गर्नुभएको छ । जनतामा असन्तुष्टि छ । चाहनाअनुसार काम भएको छैन । तर त्यसको अर्थ जनताले राजा चाहेका छन् भन्नु गलत हो । संसारका जुनसुकै देशमा पनि व्यवस्था परिवर्तन गर्ने प्रयत्न हुन्छन् । त्यो प्रयत्नअनुसार हाम्रो देशमा पनि दुष्प्रयत्न भएको छ । जुन सफल हुने अवस्था छैन ।

पहिलो कुरा शिक्षा प्रणालीलाई सुधार गर्नुपर्ने छ । पाठ्यक्रमलाई रोजगारमूलक बनाउनुपर्ने छ । कमाउँदै, पढ्दै गर्ने प्रणालीको विकास गर्नुपर्छ । व्यावसायिक शिक्षालाई प्रोत्साहित गर्नुपर्छ । प्राविधिक शिक्षालाई प्रोत्साहन गर्नुपर्छ । नेपालमा नै प्राविधिक शिक्षा प्राप्त गरेर रोजगारी पाउन सकिन्छ भनेर युवालाई विश्वास दिलाउन सक्नुपर्छ ।

नेपालको शिक्षाबाट केही पनि हुँदैन, केही गर्न सकिँदैन, नेपालको पढाइबाट रोजगारी पाउन सकिँदैन भन्ने कुरा केही हदसम्म वास्तविकता पनि हो । त्यसलाई परिवर्तन गरेर प्राविधिक र व्यावसायिक शिक्षाको विकास गर्ने र त्यसमा विद्यार्थीलाई आकर्षित गर्नुपर्छ । स्वरोजगार र रोजगारका अवसरहरू उत्पादन वृद्धि गर्दै पर्यटनको विकास गर्नुपर्छ । हामीले देशभित्रै रोजगारीको अवसर दिने वातावरण बनाउनुपर्छ । तैपनि ‘ग्लोबल भिलेज’ साँघुरो बन्दै गएको अवस्थामा उत्कृष्ट अवसरका लागि नेपाली युवा विदेश जाने विषयलाई पूर्ण रुपमा रोक्न सकिँदैन । तर बाध्यताले विदेश पलायन हुने अवस्थाको अन्त्य गर्न जरुरी छ । त्यसका लागि मुलतः रोजगारीको अवसरलाई वृद्धि गर्नुपर्छ । त्यसका लागि उत्पादन वृद्धि गर्ने र पर्यटन क्षेत्रको द्रुत विकास गर्नुपर्छ । सेवा क्षेत्रलाई पनि विकास गर्नुपर्ने हुन्छ ।

हरेक संविधान गतिशील हुन्छ । हरेक १० वर्षमा संविधान संशोधन हुने विषय सामान्य हो । दश वर्षसम्म संविधान कार्यान्वयन गर्दा आइपरेका समस्याका आधारमा संशोधन गर्नुपर्छ । यद्यपि संशोधनबारे कुरा उठे पनि त्यो विषय सदनमा उठेको छैन । संशोधन मुख्य गरी प्रदेश सरकारको आकार घटाउने, निर्वाचन प्रणाली, थ्रेसहोल्ड, प्रदेश र स्थानीय तहको अधिकारका सवालमा संशोधन गर्नुपर्छ । सङ्घीयताको विकेन्द्रिकरणलाई अझ सबलीकरण बनाउनुपर्ने छ ।

‘सरकार परिवर्तन भइरहँदा संसद्ले उल्लेख्य काम गर्न सकेन’
कुनै पनि दलको बहुमत नभएको अवस्थामा सङ्घीय संसद्ले उल्लेख्य रूपमा काम गर्न सकेन । पटकपटक सरकार फेरिने र मन्त्री पनि कमजोर खालको हुने भएकाले कानुन निर्माण जुन गतिमा हुनुपर्ने हो, त्यो गतिमा भएको छैन । संसदीय समितिले पनि द्रुतगतिमा काम गरेको देखिँदैन । तर पनि हामी सांसदले जनताका सवाललाई सदनमा उठाइरहेका छौँ । हाम्रो प्रणाली भनेको एकपटक बजेट आइसकेको अवस्थामा कुनै विषय उठाउनका लागि अर्को आर्थिक वर्ष पर्खिनुपर्ने हुन्छ । पछिल्लो सयममा देशको आर्थिक अवस्था पनि दुरावस्थाबाट गुज्रिएको छ । ठूला आयोजनाले गति लिनसकेको छैन । साना–साना आयोजना अलिअलि भइरहेको छ । जनताका सवाललाई सरकारले सम्बोधन नगरेको भन्न मिल्दैन । जनताको सवाल सम्बोधन गर्ने विषय सरकारमा भर पर्छ । कुन पार्टीको सरकार छ भन्ने कुराले पनि फरक पारेको हुन्छ । रासस

# गोरखा–जितगढी एकीकरण पदयात्रा चैत २८ देखि



**तनहुँ ।**
आधुनिक नेपालका निर्माता पृथ्वीनारायण शाहले राज्य एकीकरणका क्रममा प्रयोग गरेका पदमार्गको प्रचार गर्दै कोट, गढी, किल्लाहरुको संरक्षण गर्ने र इतिहासबारे सर्वसाधारणलाई जानकारी गराउने ध्येयले गोरखा–जितगढी एकीकरण पदयात्रा आयोजना हुने भएको छ ।

नेपाली सेनाले यही चैत २८ गतेदेखि आगामी वैशाख ७ गतेसम्म पदयात्रा सञ्चालन गर्दैछ । पदयात्रालाई सफल बनाउने तनहुँका सरोकारवालाले प्रतिबद्धता जनाएका छन् । नेपाली सेनाको व्यास नगरपालिका–५ चापाघाटस्थित कालीभञ्जन गण (इ) ले आयोजना गरेको बैठकमा उक्त पदयात्रालाई सफल बनाउने प्रतिबद्धता व्यक्त गरिएको हो ।

व्यासका नगर प्रमुख वैकुण्ठ न्यौपानेले पदयात्रा ऐतिहासिक भएकाले स्थानीयको पनि साथ, सहयोग र सहकार्य हुन जरुरी रहेको भन्दै नेपालको ऐतिहासिक विषयवस्तु नयाँ पुस्तालाई हस्तान्तरण गर्न आवश्यक रहेकामा जोड दिए ।

गोरखाबाट चैत २८ गते देखि सुरु हुने पदयात्रा तनहुँ, पाल्पा हुँदै जितगढी पुग्नेछ । गोरखाबाट सुरु भएको पदयात्रा साँझ तनहुँको ऐतिहासिकस्थल सतिघाट हुँदै भानु नगरपालिका–१ भन्सार ग्रीनपार्क आइपुग्ने र त्यहाँ स्थानीयको सहभागितामा स्वागतको कार्यक्रम गरिने भानुका नगर प्रमुख आनन्दराज त्रिपाठीले बताए ।

तनहुँका प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाले ऐतिहासिक पदयात्रामा स्वागत र साथ दिन जिल्लावासीलाई अनुरोध गरे । पदयात्राले नेपालको इतिहास बोकेको हुँदा सबै नेपालीले गौरव गर्नुपर्ने बताए । गोरखा दरबारबाट चैत २८ गते सुरु हुने पदयात्रा सोही दिन ३५ किलोमिटर दूरी पार गर्दै तनहुँको सतिघाट हुँदै भन्सारसम्म आइपुग्नेछ । गोरखाको रिपुमर्दन गणले भन्सारबाट भानु नगरपालिकास्थित रुरु भैरव दल गणलाई पदयात्राको झण्डा हस्तान्तरण गर्नेछ ।

भन्सारबाट २९ गते प्रस्थान गर्ने टोली तनहुँकै भिमसेन गढी हुँदै बाङ्गेरह, सेपाबगैँचा, टुहुरेपसल हुँदै तनहुँसुर आइपुग्नेछ । तनहुँसुर दरबारमा व्यास नगरपालिकाको समन्वयमा पदयात्रीलाई स्वागत गर्ने कार्यक्रम छ ।

तनहुँसुर आएर उक्त पद यात्राको झण्डा कालीभञ्जन गण (ई) लाई हस्तान्तरण गर्ने कार्यक्रम छ । तनहुँसुरबाट पदयात्रा टोली तनहुँकै धेनुङ देउराली पुग्नेछ । धेनुङ देउरालीमा श्री नम्बर ३ राजदल गणलाई झण्डा हस्तान्तरण गरिनेछ ।

धेनुङ देउरालीबाट केलादीघाटसम्म पुगेको टोलीलाई श्री दि फेमस महेन्द्रदल गणलाई झण्डा हस्तान्तरण गरिने सेनाले जनाएको छ । केलादीघाटदेखि नुवाकोटगढीसम्म पुगेको टोलीलाई गरुडदल गणलाई झण्डा हस्तान्तरण गर्ने र वैशाख ७ गते पदयात्रा टोली नुवाकोटगढीदेखि जीतगढीसम्म पुग्ने कार्यक्रम रहेको कालीभञ्जन गण (ई) गण दमौलीका गणपति प्रमुख सेनानी वसन्त कार्कीले जानकारी दिए ।

पदयात्रामा बाजागाजा, राष्ट्रिय झण्डा तथा एकीकरणको दौरानमा स्थापना भएका पाँच प्रथम कम्पनी (श्रीनाथ, कालीबक्स, पुरानो गोरख, बर्दवाणी र सबुज) र जितगढी लडाईंमा सहभागी गुरुबक्स गुल्मको झण्डा समावेश गरिने नेपाली सेनाले जनाएको छ । गोरखादेखि जितगढीसम्मको दुरी ३०५ किलोमिटर रहेको छ । नेपाली सेनाले हरेक वर्ष गोरखा–जितगढी पदयात्रा गर्दै आएको छ । रासस

# सात समूहलाई सगरमाथा आरोहणको अनुमति

**काठमाडौँ ।**
यस वर्षको वसन्तकालीन याममा सगरमाथा आरोहणका लागि धमाधम आरोहण अनुमति दिन सुरु गरिएको छ । पर्यटन विभागका अनुसार सगरमाथा आरोहणका लागि हालसम्म सात आरोही समूहका १७ महिला र ६० पुरुषले अनुमति लिइसकेका छन् ।

विभागका निर्देशक लीलाधर अवस्थीले आजसम्म सगरमाथासहित अन्य स–साना २९ हिमाल आरोहणका लागि आरोहण अनुमति दिइएको छ । उनले अनुमति पाएका आरोही गन्तव्यतिर लागेको बताए ।

विभागको विवरणमा हालसम्म नेपालसहित विभिन्न देशका आरोहीले आरोहण कूल १९८ आरोहीले हिमाल आरोहणका लागि अनुमति लिएका छन् । अन्नपूर्ण–१ मा ६ आरोही समूहका ६६ जना र अन्नपूर्ण–५ का लागि एक आरोही समूहका आठ जनाले अनुमति लिएका छन् । मकालु आरोहणका लागि एक आरोही समूहका १५, ल्होत्सेमा एक आरोही समूहका १५ जनाले अनुमति पाएका छन् ।

सगरमाथाको दोस्रो शिविरसम्म बाटो निर्माण जारी
सगरमाथा आरोहणका लागि अहिले धमाधम बाटो निर्माण भइरहेको छ । सगरमाथा क्षेत्रमा दुई दिनयता तीव्र बेगको हावा चलेकाले बाटो बनाउन कठिन भइरहेको जनाइएको छ । हिजो साँझसम्म प्रतिघण्टा ३५ किलोमिटरको गतिमा हावा चलिरहेको र ‘आइसफल’का टुक्रा छरिरहेकाले आइसफल डाक्टर अनुकूल मौसमको प्रतिक्षामा रहेको विभागले जनाएको छ ।

खुम्बु आइसफल क्षेत्रमा अहिले भ¥याङ् राख्ने र ह्याङगिङ एयरमा किला ठोक्ने काम भइरहेको छ । “आइसफल क्षेत्रमा चार वटा भ¥याङ र १२ वटा किला ठोकिसकिएको छ”, निर्देशक अवस्थीले भने, “दोस्रो शिविरसम्म दुई हजार दुई सय मिटरसम्म बाटो बनाउनुपर्ने हुन्छ । हालसम्म एक हजार एक सय मिटरसम्मको बाटो बनिसकेको छ ।”

सगरमाथाको आधार शिविरदेखि दोस्रो शिविरसम्म सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपीसीसी) बाटो बनाउन ‘आइसफल डाक्टर’ खटाएको छ । यो यामका लागि १० जनाको टोली खटाइएको एसपीसीसीले जनाएको छ । दुवै टोलीले सगरमाथा आरोहीहरूलाई सुरक्षित बाटो बनाउनेछन् । खुम्बु आइसफलमा बाटो बनाउने आरोहीलाई (आइसफल डाक्टर) भनिन्छ ।

सगरमाथाको दोस्रो शिविरसम्म बाटो तयार भएपछि मात्रै पर्वतारोहण सञ्चालक सङ्घले दोस्रो शिविरदेखि चुचुरोसम्म बाटो बनाउने अर्थात् ‘रोप फिक्सिङ’ (डोरी टाँग्ने) काम गर्ने छ ।

यसका लागि सङ्घले अशोक लामाको नेतृत्वमा आठ सदस्यीय टोली खटाइसकेको जनाएको छ । सङ्घले यो याममा सगरमाथा आरोहणका लागि बाटो बनाउने तथा रोप फिक्सिङको व्यवस्थापकीय जिम्मेवारी एट्के एक्सपिडिसन कम्पनीलाई दिएको छ ।

वसन्त ऋतु सगरमाथासहितका हिमाल आरोहणका लागि उपयुक्त मौसम मानिन्छ । यो याममा सगरमाथा आरोहणका लागि उल्लेख्य सङ्ख्यामा विदेशी आउँछन् । रासस

# साझेदारी वन कार्यान्वयनपछि स्थानीयलाई रोजगारी

**कैलाली ।**
गौरीगङ्गा नगरपालिका–९ का आइते भुल बिहानै कामका लागि घरबाट निस्कन्छन । ज्यालादारी गरेर जीविकोपार्जन गर्ने उनलाई अचेल खाली हात बस्नुपरेको छैन । गौरीगङ्गा साझेदारी वनमा काम पाएपछि भुल काम गर्नमै व्यस्त छन ।

उन भने "एक हप्ताभन्दा बढी भयो काठ दाउरा काट्ने काम पाएको छु, दैनिक रु एक हजार आम्दानी भइरहेकोछ ।"

घोडाघोडी–८ का रजुल चौधरी पनि आजभोलि साझेदारी वनको काममै व्यस्त छन । "खाली बसिरहेको थिएँ, अहिले काठदाउरा काट्ने काम गरिरहेको छु", उन भने ।

आइते र रजुलजस्तै गौरीगङ्गा साझेदारी वनमा ८० जनाभन्दा बढीले रोजगारी पाएका छन् । काठ काट्नेले दैनिक रु एक हजार आम्दानी गरिरहेका छन् ।

गौरीगङ्गा–१० का सागर धामी भने "मासिक तलबमा काम गरे पनि साझेदारी वनको काम शुरु भएपछि दैनिक रु एक हजारदेखि रु एक हजार ५०० सम्म तलबबाहेक आम्दानी गरिरहेको छु ।"

दिगो वन व्यवस्थापन गरी राष्ट्रिय तथा स्थानीय अर्थतन्त्रमा टेवा पुर्याउने र वन पैदावार आपूर्ति गर्ने उद्देश्यले २०७८ सालमा उक्त वनको कार्ययोजना स्वीकृत भएको थियो । सोहीअनुरूप साझेदार पक्ष तथा सरोकारवालाको सहभागितामा २०७९ सालमा समूह गठन भएको थियो । तर आन्तरिक विवादका कारण साझेदारी वन कार्यान्वयनमा आउनसकेको थिएन ।

साझेदारी वन कार्यान्वयनमा आएपछि दुई वर्षदेखि तलब नपाएका वन हेरालु पनि तलब पाइन्छ भनेर खुसी छन् । वन हेरालु करणसिं साउद भन्छन "तलब नपाउँदा एकदमै समस्या भोग्नुपर्यो । अहिले दुई बच्चालाई राम्रै स्कुलमा पढाइरहेको छु ।" अब भने साझेदारी वनको काम शुरु भएकाले पारिश्रमिक पाउन समस्या नभएको उनले बताए ।

अर्का वन हेरालु सनम चौधरी पनि पारिश्रमिक पाइने खुसीमा छन । "साझेदारी वन गठन भएको शुरुका वर्ष पारिश्रमिक पाइयो । त्यसपछि पारिश्रमिक पाउने आशैआसमा दुई वर्ष बित्यो । त्यसअघि विदेश जाऊँ भन्ने सोचाइ आयो", चौधरीले भने– "घर नजिकै पाएको काम छाड्न सकिएन । अब भने म खुसी छु ।"

साझेदारी वनमा नौ वन हेरालु, एक कार्यालय सचिव र एक कार्यालय सहयोगी छन् । साझेदारी वन कार्यान्वयनका लागि प्रयास नभएको पनि होइन । आर्थिक वर्ष २०७९÷८० मा ५६ हजार १९७ दशमलव ८३ घनफिट काठ र ५९ दशमलव ८२ चट्टा दाउरा सङ्कलनका लागि छपान भएको थियो । आव २०८०÷८१ मा एक लाख २३ हजार ६६२ दशमलव ०३ घनफिट काठ र १०८ दशमलव ४७ चट्टा दाउरा सङ्लनका लागि छपान गरिएको थियो । तर आन्तरिक विवादका कारण कार्यान्वयनमा भने आउन नसकेको कार्यालय सचिव डिलबहादुर बोहरा बताउछन ।

सचिव बोहराका अनुसार विगतम काम नभए पनि यसपटक भने सङ्कलन सहमतिअनुसार ५४ हजार क्युफिट काठ र ४५ चट्टा दाउरा कटान भइरहेको छ । साझेदारी वन कार्यान्वयनमा नआउँदा सामान्य प्रशासनिक खर्च व्यवस्थापन गर्न समस्या झेल्नुपरेको बोहराले बताए । वडास्तरीय उपभोक्ता भेलाबाट सबै वर्गलाई समेटेर छनोट भएका प्रत्येक वडाका सात–सात जना, साझेदारी वन कार्यान्वयन क्षेत्रभित्र पर्ने प्रत्येक वडाको वडाध्यक्षले तोकेका वडा सदस्य एक, एक जना गौरीगङ्गा र मोहोन्याल गाउँपालिकाको कार्यपालिकाबाट छनोट भएका प्रतिनिधि गरी जम्मा ५० जना सो वन उपभोक्ता समूहका सदस्य रहने विधानमा छ ।



उक्त वन समूह गठन प्रक्रियाकै बेला विवाद भएको थियो । शुरुमा गठन भएको समिति खारेज भई अर्को समिति गठन गरिएको थियो । यसरी समूह गठन हुँदा आन्तरिक विवाद कायमै रहेको थियो । समूहका सदस्यसचिवको विवादलाई सुल्झाउँदै विभिन्न राजनीतिक दल, सरोकारवाला निकायलगायतसँग छलफल गरी कार्यान्वयनमा ल्याएको गौरीगङ्गा साझेदारी वन उपभोक्ता समितिका अध्यक्ष हिक्मत महताले बताए । आगोले जलेर सडेर जाने काठको सदुपयोग गर्दै स्थानीय उपभोक्ताको आपूर्ति पुरा हुने अर्का सदस्य मोहन विक बताउछन । नगरपालिकाको ४, ५, ७, ८, ९ र मोहोन्याल गाउँपालिकाको पाँच नम्बर वडालाई समेटेर गौरीगङ्गा साझेदारी वन बनाइएको हो । तीन हजार २० दशमलव ४६ हेक्टर क्षेत्रफल रहेको साझेदारी वनका छ हजार तीन सय २६ घरधुरी उपभोक्ता छन् । रासस

# माछापालनमा लाग्न किसानलाई प्रेरित गर्दै मत्स्यविकास केन्द्र

**बागमती ।**
कुलेखानीस्थित मत्स्यविकास केन्द्रले माछापालनलाई प्रोत्साहन गर्न विद्यार्थी र कृषक लक्ष्यित गरी मत्स्य घुम्ती शिविर र विद्यालय शिक्षा कार्यक्रम सञ्चालन गरेको छ ।

मकवानपुरको इन्द्रसरोवर गाउँपालिका–४ फाखेलस्थित कालिका माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) र वडा नम्बर १ स्थित सरस्वती बालबोधिनी माध्यमिक विद्यालयमा मत्स्य केन्द्रले माछापालनसम्बन्धी शिक्षा कार्यक्रम सञ्चालन गरेको हो ।

मत्स्य केन्द्रका प्रमुख मनिता पौडेलका अनुसार हालै कालिका मावि फाखेलमा आयोजना गरिएको स्कूल शिक्षा कार्यक्रममा २४ जना विद्यार्थी, नौ जना विद्यालयका कर्मचारीलाई माछापालन पद्धति, मुलुकमा मत्स्यपालनको अवस्था, पाल्न सकिने माछाका जातलगायत माछाको पौष्टिक महत्व तथा प्राकृतिक जलाशयको संरक्षणलगायत विषयमा प्रशिक्षण दिइएको छ ।

माछापालनलाई प्रोत्साहन गर्ने उद्देश्यले केन्द्रले चितवनको खैरहनी, सिन्धुलीको मरिण र नुवाकोटको ककनीमा मत्स्य घुम्ती शिविर सञ्चालन गरेको छ ।

चितवनको खैरहनीमा आयोजित शिविरमा सुन्दरदीप महिला सहकारी संस्थामा आबद्ध २१ जना कृषकको सहभागिता रहेको थियो । सिन्धुलीको मरिण–४ सहान र नुवाकोटको ककनीमा सञ्चालित मत्स्य घुम्ती शिविरमा सहभागी ६० जना किसानलाई उन्नत जातका माछा पाल्नेबारेमा जानकारी दिँदै पोखरी अवलोकन गरिएको केन्द्र प्रमुख पौडेलले बताए । रासस

# भलिबलको साख फर्काउने चाहनामा कप्तान अरुणा

**कास्की ।**
राष्ट्रिय महिला भलिबल टोलीका कप्तान अरुणा शाहीले पोखरा–३ नदीपुरमा एलिट भलिबल एकेडेमी सञ्चालन गरेकी छन ।

एकेडेमीमा महिला खेलाडीलाई नियमित प्रशिक्षण प्रदान गरिँदै आइएको छ । एकेडेमीबाट क्षमतावान् महिला भलिबल खेलाडी उत्पादन गरेर विगतको गण्डकीको भलिबलको साख फर्काउने चाहना अरुणाको छ ।

एकेडेमी चलाउनका लागि भने आर्थिक रूपमा समस्या भएकाले स्रोत जुटाउनका लागि यही चैत २९ देखि वैशाख १ गतेसम्म प्रथम एलिट कप महिला तथा पुरुष भलिबल प्रतियोगिताको तयारी गरिएको छ । एकेडेमीमै हुने प्रतियोगिताबाट खेलाडी उत्पादनमा टेवा पुग्ने राष्ट्रिय महिला भलिबल टोलीकी कप्तान एवं एकेडेमीकी प्रशिक्षक शाहीले बताउछन ।

प्रतियोगिता संयोजकसमेत रहनुभएकी अरुणाले प्रतियोगिताबाट बचत रकम महिला खेलाडी उत्पादनमा खर्चिने बताइन । उनले भनिन "प्रतियोगिताबाट आएका उत्कृष्ट खेलाडीलाई पठनपाठनमा छात्रवृत्तिसँगै निःशुल्क प्रशिक्षण गराउनेछौँ । त्यसले भविष्यमा खेलाडी उत्पादनमा टेवा पुग्ने हाम्रो विश्वास छ ।" एकेडेमीले उत्कृष्ट दुई महिला खेलाडीलाई पठनपाठनसँगै निःशुल्क प्रशिक्षण गराउने जनाएको छ ।



विशेषगरी महिला भलिबल खेलाडी उत्पादन गर्ने लक्ष्य एकेडेमीको रहेको शाही बताउँछिन् । "पुरुषभन्दा पनि महिला खेलाडी उत्पादन गर्नु हाम्रो एकेडेमीको लक्ष्य हो । कसरी हुन्छ, पहिलाको जुन साख छ पोखरा र गण्डकीको त्यसलाई उजागर गर्ने हाम्रो उद्देश्य हो", शाहीले भने ।

प्रतियोगितामा पुरुषतर्फको विजेताले रु एक लाख र उपविजेताले रु ५० हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र पाउनेछन् । महिलातर्फ विजेतालाई ५० हजार रुपैया र उपविजेतालाई २५ हजार रुपैया प्रदान गरिने आयोजकले जनाएको छ । प्रतियोगितामा सर्वोत्कृष्ट पुरुष खेलाडीले पाँच हजार रुपैया र सर्वोत्कृष्ट महिला खेलाडीले तीन हजार रुपैया प्राप्त गर्नेछन् ।

विधागततर्फ उत्कृष्ट हुने पुरुष खेलाडीलाई समान दुई हजार रुपैया र महिलातर्फ समान एक हजार ५०० रुपैया प्रदान गरिनेछ ।

पुरुषतर्फ दर्ता शुल्क छ हजार ५०० रुपैया र महिलातर्फ तीन हजार ५०० रुपैया तोकिएको छ । दुवैतर्फ टिममा सातौँ, आठौँ र नवौँ राष्ट्रिय खेलकुद र अन्तरराष्ट्रिय प्रतियोगितामा सहभागी भएका बढीमा दुई जना खेलाडी समावेश गर्न पाइने प्रतियोगिता संयोजक शाहीले बताइन ।

हालसम्म पुरुषतर्फ नौ र महिलातर्फ सात टोलीले नाम दर्ता गराएको खेल संयोजक तथा एकेडेमीका प्रशिक्षक मलिन रोकाले जानकारी दिए । महिला भलिबलका कप्तान शाहीसहित तीन जना मिलेर नदीपुरमा एलिट भलिबल एकेडेमी सञ्चालन गरेका छन् । उनीहरूले महिला खेलाडीलाई नियमित प्रशिक्षण गराउँदै आएका छन् । रासस

# चार महिनापछि ताप्लेजुङमा हवाई सेवा शुरु

**ताप्लेजुङ ।**
करिब चार महिनापछि सुकेटार विमानस्थलमा आइतवार देखि पुनः हवाई सेवा शुरु भएको छ ।

सुकेटार विमानस्थलमा उडान हुने नेपाल वायुसेवा निगमका दुई जहाजमा समस्या आएपछि मङ्सिरको अन्तिम सातादेखि नियमित उडान बन्द भएको थियो । शुक्रबार तय गरिएको उडान तालिका प्राविधिक समस्याका कारण आइतवारका लागि सारिएको थियो । काठमाडौँबाट पाँच यात्रु लिएर आएको जहाजले ताप्लेजुङबाट चार पुरुष र दुई महिला यात्रु गरी छ जनालाई काठमाडौँ लिएर गएको सुकेटार विमानस्थलले जनाएको छ ।

लामो समयदेखि हवाई सेवा ठप्प हुँदा आन्तरिक तथा बाह्य पर्यटक, सर्वसाधारणले हवाई सेवा लिन पाएका थिएनन् । यस विमानस्थलमा केही वर्षअघि सीता एयर र तारा एयरले पर्यटकीय याममा उडान गरेका थिए । हाल उनीहरूले सेवा बन्द गरेका छन् । रासस

# 'दी त्रिशूली अल्ट्रा'मा नेपाल आर्मीको बर्चश्व




**नुवाकोट ।**
नेपाल एड्भेन्चर रनिङ महासङ्घद्वारा आयोजित 'दी त्रिशूली अल्ट्रा–२०२५' मा महिला र पुरुष दुवैतर्फको विधामा नेपाल आर्मीको बर्चश्व रहेको छ । आर्मी क्लबबाट सहभागी पुरुषतर्फ होमलाल श्रेष्ठ र महिलातर्फ सुनसरी रोकाय प्रथम भएका छन ।

बेलकोटगढी नगरपालिका–१० स्थित निरञ्जना भगवती मन्दिरबाट शनिबार शुरु भएर विदुर–५ स्थित जालपादेवी मन्दिरमा पुगेर सम्पन्न भएको ५८ किलोमिटर दौडमा पुरुषतर्फ आर्मीका श्रेष्ठले निर्धारित दूरी चार घण्टा ३३ मिनेटमा पूरा गरे । आर्मीकै गोपाल तामाङ दोस्रो भए । उनले निर्धारित दूरी चार घण्टा ३५ मिनेटमा पूरा गरे। सोलुखुम्बुका अर्जुनराज कुलुङ तेस्रो भए । उनले तोकिएको दूरी चार घण्टा ४१ मिनेटमा पूरा गरेको प्रतियोगिताको संयोजक राजन खत्रीले जानकारी दिए ।

उनका अनुसार महिलातर्फ प्रथम भएका आर्मीका रोकायाले निर्धारित दूरी पाँच घण्टा ५१ मिनेटमा पूरा गरे । दोस्रो स्थानका लागि खोटाङका निर्मला राईले छ घण्टा १३ मिनेटमा निर्धारित दूरी पूरा गर्दा नेपाल प्रहरीका लाक्पानिमा शेर्पाले सात घण्टा १४ मिनेटमा पूरा गरे ।

प्रतियोगितामा उत्कृष्ट भएका धावक (खेलाडी)लाई बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामा (तामाङ) र बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव दीपक लामाले नगदसहित प्रमाणपत्र, शिल्ड र मेडल प्रदान गरे । प्रतियोगितामा पुरुष र महिला दुवै समूहबाट प्रथम हुनेलाई नगद एक लाख रुपैया, दोस्रो हुनेलाई ७५ हजार रुपैया र तेस्रो हुनेलाई ५० हजार रुपैयासहित प्रमाणपत्र प्रदान गरिएको छ ।

बागमती प्रदेसको खेलकुद विकास परिषद्को आर्थिक सहयोगमा नुवाकोटमा पहिलोपटक आयोजना गरिएको 'ट्रेल रनिङ' स्वरुपको दौड प्रतियोगितामा अन्तरराष्ट्रिय प्रतियोगितामा प्रतिस्पर्धा गरिसकेका १४६ महिला र पुरुषको सहभागिता थियो ।

यस अवसरमा बागमती प्रदेशका मुख्यमन्त्री तामाङले प्रतियोगितामार्फत नयाँ खेलाडीको उत्पादन गर्न, धावकको व्यक्तिगत क्षमता सुधार गर्न र नुवाकोटको धार्मिक, सांस्कृतिक एवं पुरातात्विक सम्पदाको प्रचारप्रसारमा योगदान पुगेको बताए । प्रतियोगिताको आगामी संस्करण नुवाकोटको बेलकोटगढीबाट शुरु गरेर चीनसम्मको सीमा क्षेत्र रसुवागढीसम्म सञ्चालन गर्न आयोजकलाई सुझाब दिए । रासस

# इरानका उच्च कूटनीतिज्ञद्वारा अमेरिकासँगको प्रत्यक्ष वार्ता अस्वीकार

**इरान ।**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँग सिधा वार्ता गर्न चाहेको बताइरहेका समय इरानका विदेशमन्त्री अब्बास अराघचीले आइतबार अमेरिकासँगको प्रत्यक्ष वार्तालाई 'अर्थहीन' भन्दै यस्तो सम्भावनालाई अस्वीकार गरेका छन ।

ट्रम्पले गत महिना तेहरानलाई वासिङ्टनसँग आफ्नो आणविक कार्यक्रमबारे वार्ता गर्न आह्वान गरेका थिए । उनले कूटनीति असफल भएमा इरानमाथि आक्रमण गर्ने चेतावनी दिएका थिए ।

बिहीबार अमेरिकी राष्ट्रपति ट्रम्पले इरानसँग 'सिधा वार्ता' गर्न चाहेको बताएका थिए । "मलाई लाग्छ तपाईं मध्यस्थहरूमार्फत जानुभन्दा यो छिटो हुन्छ," उनले भने ।

आइतबार अराघचीले भने, "संयुक्त राष्ट्रसङ्घको बडापत्रको उल्लङ्घन गर्दै निरन्तर बल प्रयोग गर्ने धम्की दिने र आफ्ना विभिन्न अधिकारीहरूबाट विरोधाभासी अडान व्यक्त गर्ने पक्षसँग प्रत्यक्ष वार्ता 'अर्थहीन' हुनेछ ।"

"हामी कूटनीतिप्रति प्रतिबद्ध छौँ र अप्रत्यक्ष वार्ताको बाटो प्रयोग गर्न तयार छौँ," परराष्ट्र मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

"इरान सबै सम्भावित गतिविधि वा घटनाका लागि तयार रहन्छ र जसरी यो कूटनीति र वार्तामा गम्भीर छ, त्यसरी नै उसले आफ्नो राष्ट्रिय हित र सार्वभौमिकताको रक्षामा पनि निर्णायक र गम्भीर हुनेछ," अराघचीले भने ।

शनिबार इरानी राष्ट्रपति मसूद पेजेशकियानले आफ्नो देश अमेरिकासँग समान स्तरमा वार्ता गर्न इच्छुक रहेको बताएका थिए ।



उनले वार्ताका लागि आह्वान गर्ने वासिङ्टनको इमान्दारितामाथि पनि प्रश्न उठाउँदै भने, "यदि तपाईं वार्ता चाहनुहुन्छ भने धम्की दिनुको अर्थ के हो ?"

### परमाणु कार्यक्रम

संयुक्त राज्य अमेरिकाको नेतृत्वमा पश्चिमा देशहरूले दशकौँदेखि तेहरानले आणविक हतियार हासिल गर्न खोजेको आरोप लगाउँदै आएका छन् ।

इरानले उक्त आरोपको खण्डन गर्दै आफ्नो आणविक गतिविधि नागरिक प्रयोजनका लागि मात्र भएको बताउँदै आएको छ ।

इस्लामिक रिभोल्युसनरी गार्ड कोरका प्रमुख हुसेन सलामीले शनिबार देश युद्धका लागि 'तयार' रहेको बताएका थिए ।

उनले भने, "हामीलाई युद्धको कुनै चिन्ता छैन तर हामी युद्धको शुरुवातकर्ता हुनेछैनौँ, तर हामी कुनै पनि युद्धका लागि तयार छौँ," इरानको राज्य सञ्चालित समाचार संस्था इर्नाले उनलाई उद्धृत गर्दै लेखेका छन ।

सन् २०१५ मा इरानले संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्का स्थायी सदस्यराष्ट्रहरू संयुक्त राज्य अमेरिका, फ्रान्स, चीन, रुस र संयुक्त अधिराज्यका साथै जर्मनीसँग आफ्नो आणविक गतिविधिलाई नियमन गर्न ऐतिहासिक सम्झौता गरेको थियो ।

सन् २०१५ मा भएको सम्झौतालाई औपचारिक रूपमा 'संयुक्त वृहत् कार्ययोजना (जेसीपीओए) को नामले चिनिन्छ र तेहरानले आणविक हतियार विकास गर्न सक्दैन भन्ने ग्यारेन्टी गर्न इरानको आणविक कार्यक्रममाथि प्रतिबन्ध लगाएको बदलामा इरानलाई अन्य आर्थिक प्रतिबन्धमा राहत प्रदान गरेको थियो ।

सन् २०१८ मा ट्रम्पको पहिलो कार्यकालमा संयुक्त राज्य अमेरिका सम्झौताबाट पछि हटेको थियो र इरानमाथिको कडा प्रतिबन्धलाई पुनः स्थापित गरेको थियो ।

त्यसको एक वर्षपछि इरानले सम्झौताअन्तर्गतका आफ्ना प्रतिबद्धताहरू बाट पछि हट्न थाल्यो र आफ्नो आणविक कार्यक्रमलाई तीव्रता दियो ।

इरानका सर्वोच्च नेता अयातुल्लाह अली खामेनीका निकट सल्लाहकार अली लारिजानीले इरानले आणविक अस्त्रको खोजी नगरे पनि आफूमाथि आक्रमण भएमा आफूसँग आणविक हतियारको विकल्प नरहेको चेतावनी दिएका छन । एएफपी

# देशभर रामनवमीको रौनक

**जनकपुरधाम ।**
चैत्र शुक्ल नवमीका दिन मनाइने रामनवमी पर्व आइतवार श्रद्धा भक्तिपूर्वक भगवान् श्री रामचन्द्रको पूजा आराधना गरी मनाइएको छ ।

त्रेतायुगमा अयोध्याका राजा दशरथ र महारानी कौसल्यादेवीको सुपुत्रका रुपमा श्री रामचन्द्रको जन्म चैत्र शुक्ल नवमीकै दिन भएको थियो । विष्णुको सातौँ अवतार मानिने उनको जन्म हुँदा पुनर्वसु नक्षत्र थियो । कुण्डलीमा चन्द्रमाका साथ वृहस्पति रहेको कर्कट लग्नको योग परेको थियो ।

भगवान् रामचन्द्रको कुण्डलीमा पाँचग्रह सूर्य, मङ्गल, गुरु, शुक्र र शनि एकसाथ हुने दुर्लभ योग परेको थियो । वर्षका चार नवरात्रमध्येको वासन्तीय नवरात्रका नवमीका दिन जन्मनुभएका रामचन्द्रले राक्षसी प्रवृत्तिको अन्त्य गरी रामराज्य स्थापना गरेका थिए । धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका अध्यक्ष प्रा डा रामचन्द्र गौतम रामनवमी पर्व मनाउनुको महत्व रामजस्तै मर्यादित, अनुशासित र नियन्त्रित राज्य सञ्चालकको आशा गर्नुभएको बताउछन ।



"जसलाई अहिले पनि रामराज्य भनिन्छ, रामको राज्यबाट जसरी सारा मानिस खुसी थिए, अहिलेका शासकले त्यस्तै बन्न सक्नुपर्छ, त्यसबेला जनता पनि अनुशासित, मर्यादित र नियन्त्रित थिए, यसैले रामलाई मर्यादा पुरुषोत्तम भनिन्छ, हामीले यसलाई अनुसरण गर्नसके मात्र यो पर्व मनाउनुको अर्थ हुन्छ", उनले भने ।

रामनवमीको महत्वका विषयमा गाग्यतन्त्र कृष्ण वचनअनुसार चैत्र अष्टमीका दिन अष्ट मातृकाको पूजा गरेर नवमीका दिन रामचन्द्रको पूजा गरी जप, पाठ र ध्यान गर्नाले मनले चिताएको काम सफल हुने उल्लेख छ । यस अवसरमा नेपालको जनकपुर र भारतको अयोध्यामा रामलीला प्रदर्शन गरिन्छ । रामनवमीका दिन देवी पूजा गरी रामचन्द्रको पूजा, पाठ एवं आराधना गरेमा 'श्री' प्राप्त हुने शास्त्रीय मान्यता छ ।

परापूर्वकालमा वासन्तीय नवरात्रलाई नै मूल दशैँ मानिने गरेकामा धेरै गर्मीका कारण असोजमा मनाउन थालिएको भनाइ छ । चैत र असोजको नवरात्रलाई जाग्रत दशैँका रूपमा महत्वका साथ मनाइन्छ भने पुस र असारको नवरात्रलाई सुप्त दशैँ भनिन्छ ।

यसैगरी व्रतार्क नामक ग्रन्थको अगस्त्य संहितामा चैत्र शुक्ल नवमीमा व्रत उपवास बसी श्रद्धा भक्तिपूर्वक रामचन्द्रको पूजा गर्नाले अनेक जन्मका पाप नाश भई वैकुण्ठ बास प्राप्त हुने उल्लेख छ । असत्यमाथि सत्यको विजय तथा भगवान् श्रीरामको सम्झनामा मनाइने रामनवमी पर्वका उपलक्ष्यमा भगवान् रामचन्द्रका मन्दिरहरूमा पूजापाठ गरिन्छ । आइतवार जनकपुरस्थित रामजानकीको मन्दिरमा मेला भर्न नेपाल तथा भारतका नरनारीको घुइँचो लागेको थियो ।

त्रेतायुगमा आजकै दिन भारतको अयोध्यामा भगवान् श्रीरामको जन्म भएको स्मृतिमा पवित्र नदी, ताल तथा कुण्डमा स्नानका साथ व्रत बसी रामगीता पाठ, अध्यात्म, वाल्मीकीय, तुलसीकृत र भानुभक्तीय रामायण वाचन गर्ने र भगवान् रामको पूजा आराधना गरी रातभरि भजनकीर्तन गर्ने परम्परा छ ।

आजका दिन व्रत बसी श्री रामको पूजापाठ र जपध्यान गर्नाले चिताएको कार्य पूरा हुने र अर्को जन्ममा वैकुण्ठ बास हुने कुरा 'व्रतार्क' नामक धर्मग्रन्थमा उल्लेख छ । अयोध्याका राजा दशरथका जेठा छोरा भई भगवान् विष्णुको सातौँ अवतारका रूपमा जन्मनुभएका श्रीरामले मिथिलाका राजा जनककी छोरी सीतासँग विवाह गरेपछि संसारबाट पापी तथा दुष्ट राक्षसहरूको नाश गर्नुभएको र आफ्ना पिताको कठोर आज्ञालाई सहजतापूर्वक ग्रहण गरी मानव जातिलाई सत्यको मार्गमा लाग्न प्रेरणा दिनुभएकाले उहाँको सम्झनामा रामनवमी पर्व मनाउन थालिएको धार्मिक ग्रन्थमा उल्लेख गरिएको छ । रासस

# प्रधानमन्त्रीद्वारा रामनवमीको शुभकामना

**काठमाडौँ**
प्रधानमन्त्री केपी शर्मा ओलीले सबैलाई रामनवमीको शुभकामना व्यक्त गरेका छन । आइतवार सामाजिक सञ्जालमार्फत उनले रामनवमी र चैते दशैँको शुभकामना व्यक्त गरेका हुन । "त्रेता युगमा जन्मेका रामलाई हाम्रो प्राचीन शास्त्र रामायणले शान्ति, न्याय, धर्म, सदाचार, सुव्यवस्था, सुशासन र कर्तव्यपारायणको आदर्श चरित्र मान्दै आएको छ", प्रधानमन्त्रीले शुभकामनामा भनेका छन , "प्राचीन सभ्यतामा असल शासन भएका मुलुकलाई रामराज्य भन्ने गरिन्थ्यो । लोकप्रियता भन्दा मर्यादाको



बाटो हिँडेकाले राम मर्यादा पुरुषोत्तमको प्रतीक मानिन्छन् ।" चैत्र शुक्ल नवमीका दिन मनाइने रामनवमी पर्व आइतवार श्रद्धा भक्तिपूर्वक भगवान् श्री रामचन्द्रको पूजा आराधना गरी मनाइएको छ । रासस

# राष्ट्रपति पौडेलद्वारा रामनवमी पर्वको शुभकामना

**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले रामनवमी पर्व, २०८१ का अवसरमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति एवं समृद्धिका लागि शुभकामना व्यक्त गरहेका छन । हरेक वर्ष चैत महिनाको शुक्ल पक्षको नवमी तिथिका दिन मर्यादा पुरुषोत्तम भगवान् श्रीरामचन्द्रको जन्मदिनको रुपमा 'राम नवमी' पर्व धुमधामका साथ मनाउने परम्परा रहिआएको छ । यस दिन भगवान् श्रीरामको विशेष पूजा अर्चना, व्रत अनुष्ठान र जप ध्यान गर्नाले भगवत् कृपा प्राप्त भई आफूले चिताएको सम्पूर्ण कार्य पूरा हुने जनविश्वास रहेको राष्ट्रपति पौडेलले जारी रहेका शुभकामना सन्देशमा उल्लेख छ । शताब्दीयौँदेखि प्रचलनमा रहेका यस्ता मौलिक पर्वले हाम्रो प्राचीन सभ्यताका साथै धर्म र संस्कृतिको जगेर्ना गर्न थप मद्दत पुग्ने विश्वास उहाँले व्यक्त गर्नुभएको छ । रामनवमी भगवान् श्रीरामको जन्म दिवस मात्र नभई यो दिनलाई समस्त पृथ्वीमा अधर्मको पराजय र धर्मको स्थापना भएको खुसीयालीको दिवसका रुपमा पनि लिइन्छ । यस दिन मुलतः देशको विभिन्न स्थान एवं जनकपुरस्थित रामजानकी मन्दिरमा भव्य मेला लाग्दछ ।

"राम नवमीजस्ता सांस्कृतिक तथा ऐतिहासिक पर्वहरूले हाम्रो विविध जातजाति, भाषाभाषी, सांस्कृतिक एवं भौगोलिक क्षेत्रका नेपालीको बीचमा परस्पर विश्वास, सद्भाव, सहिष्णुता र सहयोगको भावनालाई प्रगाढ बनाउँदै राष्ट्रिय एकतालाई थप सुदृढ बनाउन सहयोग पुग्ने अपेक्षा लिएको छु", राष्ट्रपति पौडेलले सन्देशमा भनेका छन । नेपालीको मौलिक संस्कृति र परम्पराको संरक्षण तथा प्रवर्द्धन गरी यस पर्वले सम्पूर्ण नेपालीबीच आपसी समझदारी, दिगो शान्ति एवं भाइचाराको भावना अभिवृद्धि गर्न उत्प्रेरित गर्न सकोस् भन्ने कामना पनि उनले शुभकामना सन्देशमार्फत व्यक्त गरेका छन । रासस

# देशभरका राम मन्दिरमा भक्तजनको भीड



**काठमाडौँ ।**
रामनवमी पर्वका अवसरमा आइतवार बिहानैदेखि देशभरका राम मन्दिरमा भक्तजनको भीड लागेको छ । प्रत्येक वर्ष चैत्र शुक्ल नवमीका दिन रामनवमी पर्व मनाइन्छ । यस उपलक्ष्यमा बत्तीसपुतलीस्थित श्रीरामचन्द्र मन्दिर, पशुपतिपारिको राम मन्दिर, गोकर्णेश्वर नगरपालिका वडा नं ९ आरुबारीस्थित राम मन्दिर, राजधानी र देशभरका अन्य राम मन्दिरमा पनि बिहानैदेखि भक्तजनको भीड लागेको छ ।

यस अवसरमा बत्तीसपुतली स्थित श्रीरामचन्द्र मन्दिर बिहान ४:०० बजेदेखि नै भक्तजनका लागि खुला गरिएको मन्दिर व्यवस्थापन समितिका कार्यालय सचिव वसन्त खड्काले जानकारी दिए । श्रीरामचन्द्र मन्दिर बत्तीसपुतलीमा आइतवार नेपालका चर्चित कलाकारबाट भक्तिसङ्गीत कार्यक्रमको आयोजना पनि गरिएको उनले सुनाए । असत्यमाथि सत्यको विजय तथा भगवान् श्रीरामको सम्झनामा मनाइने रामनवमी पर्वका उपलक्ष्यमा भगवान् रामचन्द्रका मन्दिरहरूमा पूजापाठ गरिन्छ ।

त्रेतायुगमा आजकै दिन अयोध्यामा राजा दशरथ र रानी कौशल्यावतीको सुपुत्रका रुपमा विष्णुको अवतार लिएर भगवान् श्रीरामको जन्म भएको थियो । त्यही स्मृतिमा पवित्र नदी, ताल तथा कुण्डमा स्नानका साथ व्रत बसी रामगीता पाठ, अध्यात्म, वाल्मिकीय, तुलसीकृत र भानुभक्तीय रामायण वाचन गर्ने र भगवान् रामको पूजा आराधना गरी रातभरि भजनकीर्तन गर्ने परम्परा छ ।

आजका दिन व्रत बसी श्रीरामको पूजापाठ र जपध्यान गर्नाले चिताएको कार्य पूरा हुने र अर्को जन्ममा वैकुण्ठ बास हुने कुरा 'व्रतार्क' नामक धर्मग्रन्थमा उल्लेख छ । अयोध्याका राजा दशरथका जेठा छोरा भई भगवान् विष्णुको सातौँ अवतारका रूपमा जन्मएका श्रीरामले मिथिलाका राजा जनककी छोरी सीतासँग विवाह गरेपछि संसारबाट पापी तथा दुष्ट राक्षसको नास गरहेका थिए । 'लोक रञ्जनात् राजा' अर्थात् जनतालाई खुसी पार्ने नै राजा हुन् भन्ने शास्त्रीय मान्यतालाई श्रीरामले पूरा गरहेका थिए । यसैले उनलाई अहिले पनि आदर्श राजाका रूपमा स्मरण गरिन्छ ।

रामनवमीका दिन श्रीरामको व्रत, उपवास गरी पूजा, आराधना गर्नाले यो लोकमा सुख, शान्ति र परलोकमा सद्गति पाइने रामायणलगायत धर्मग्रन्थमा उल्लेख छ । आफ्ना पिताको कठोर आज्ञालाई सहजतापूर्वक ग्रहण गरी मानव जातिलाई सत्यको मार्गमा लाग्न प्रेरणा दिएकाले उनको सम्झनामा रामनवमी पर्व मनाउन थालिएको धार्मिक ग्रन्थमा उल्लेख छ ।

पितृ मातृ भक्त, ठूलालाई आदर र सानालाई माया गर्ने आदर्श पुरुषका रूपमा रामले अयोध्यामा राज्य गरेकाले उनको शासनकाललाई अहिले पनि रामराज्यका रूपमा स्मरण गरिन्छ । सृष्टिमा दुर्जनको अन्त्य गरी सज्जनको रक्षाका लागि भगवान् विष्णुले रामका रूपमा मनुष्यलोकमा जन्म लिनुभएको हो । रामकै जस्तो गुण हामीमा पनि प्राप्त होस् भन्ने कामनाले रामनवमी पर्व मनाउने गरिएको हो । रासस

# श्रीरामको आदर्शलाई आत्मसात् गर्नुपर्नेमा उपराष्ट्रपतिको जोड

**काठमाडौँ ।**
उपराष्ट्रपति रामसहायप्रसाद यादवले रामनवमी पर्वले भगवान् श्रीरामको आदर्श, सत्य, धर्म र मर्यादाप्रतिको आस्थालाई थप सुदृढ बनाउन सघाउ पुर्याउने विश्वास व्यक्त गरहेका छन ।



हिन्दू धर्मावलम्बीको महान् पर्व रामनवमी, २०८१ को आइतवार शुभकामना दिँदै उपराष्ट्रपति यादवले यो पर्वले श्रीरामले आफ्नो कर्तव्यपालन गर्दै समाजमा शान्ति, सद्भाव र न्यायको स्थापना कसरी गर्नुभयो भन्ने ग्रहणयोग्य सकारात्मक सन्देश दिएको बताए ।

उपराष्ट्रपति यादवले श्रीरामको आदर्शलाई आत्मसात् गर्दै देश र समाजमा एकता, समृद्धि र प्रगतितर्फ अग्रसरताका लागि प्रण गर्ने अवसरका रूपमा यो पर्वलाई लिन सक्नुपर्नेमा जोड दिएका छन । श्रीराम धर्म र संस्कृतिको अनुपम प्रेरकका रूपमा हिन्दू समाजमा अनादिकालदेखि प्रतिष्ठित भएको उल्लेख गर्दै उनले श्रीरामले शास्त्रसम्मत ज्ञानलाई आफ्नो चरित्रमा उतारेर सिङ्गो संसारलाई धर्मको पथमा हिँड्न सम्भव छ भन्ने सन्देश दिएका छन ।

"श्रीरामझैँ हाम्रो जीवन चरित्र प्रधान हुनुपर्दछ । उहाँको जीवन सत्य, धर्म र नैतिकताको प्रतीक थियो, त्यसलाई हामीले आफ्नो जीवनमा आत्मसात् गर्न सक्नुपर्दछ", उनले सन्देशमा भनेका छन ।

उपराष्ट्रपतिले रामनवमीका अवसरमा गरिने भजन, कीर्तन र उपासना आमनागरिकलाई भक्ति, आध्यात्मिकताको मार्गतर्फ उन्मुख गर्दै मानिसमा नैतिकता, धार्मिकता, परोपकार एवं जनकल्याणको भावना प्रस्फुटित गराउने प्रयासबाट ओतप्रोत रहेको उल्लेख गरहेका छन ।

"हाम्रा पर्वहरू सद्भावना, जनकल्याण, नैतिकता र सद्चरित्रको अङ्कुरण गराउने माध्यम पनि भएकाले यसलाई सद्भक्ति, अध्यात्मिकता र नैतिकताको सेतुबन्धको रूपमा उपयोग गर्दै यसमार्फत देश र समाजमा शान्ति, मङ्गल र कल्याणका भावनाहरू जागृत गर्ने प्रयासहरूलाई उत्प्रेरित गर्ने अचूक सूत्रका रूपमा आत्मसात् गर्न जरुरी छ", सन्देशमा उनले भनेका छन ।

उपराष्ट्रपति यादवले मानवकल्याण, देश र समाजमा समृद्धि, सद्भाव, भाइचारा, मैत्रीभावलगायतका सकारात्मकतालाई सबैले अङ्गीकार गर्दै अघि बढ्नु आजको आवश्यकता भएकामा जोड दिएका छन । "रामनवमी उत्सवमात्र होइन, हामीले आफ्नो जीवनलाई श्रीरामको आदर्शहरूसँग जोड्ने एउटा मङ्गलमय अवसर पनि हो", उनले भनेका छन, "यस अवसरमा श्रीरामझैँ असल र मर्यादित सङ्कल्पका साथ अघि बढ्न सबैलाई प्रेरणा प्राप्त होस् ।" रासस

# हलेसीमा रामनवमी मेला

**खोटाङ ।**
धार्मिकस्थल खोटाङको हलेसीमा १५ दिने रामनवमी मेला सुरु भएको छ । हिन्दू, बौद्ध र किरात धर्मालम्बीको सङ्गमस्थल हलेसीमा रामनवमीको अवसर पारेर मेला आरम्भ गरिएको हो ।

रामनवमी मेला भर्न छिमेकी राष्ट्र भारत, चीन, भुटान, बङ्गलादेश, दक्षिण कोरियालगायत राष्ट्रबाट दर्शनार्थी हलेसी आउने गरेका छन् । हलेसी आउने अधिकांश दर्शनार्थी तथा भक्तजनले आफ्नै सवारीसाधन ल्याएर आउने गरेका पार्किङ गर्ने ठाउँ व्यवस्थापनमा समस्या देखिएको छ ।

हलेसी आउने दर्शनार्थी तथा भक्तजनलाई सहज रूपमा पूजाआजा गर्ने वातावरण मिलाउन स्वयंसेवक तथा प्रहरीसमेत परिचालन गरिएको हलेसी मन्दिरका मूल पुजारी गोपाल गिरीले जानकारी दिए । "रामनवमीको अघिल्लो रात जाग्राम बस्ने चलन छ । आज पञ्चेबाजासहित गहना लगेर महादेव पहिर्याउने गरिन्छ", उनले भने । काठमाडौँलगायत तराईका विभिन्न जिल्ला जोड्ने मध्यपहाडी लोकमार्गको सडकखण्ड कालोपत्र गरिएका कारण पनि हलेसी आउने दर्शनार्थीको सङ्ख्या बढेको हो । मेला अवधिभर अप्रिय घटना हुन नदिन तथा मेलालाई व्यवस्थित गर्न जिल्लास्थित तीनवटै सुरक्षाकर्मीको टोली परिचालन गरिएको जिल्ला सुरक्षा समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी नरहरि घिमिरेले जानकारी दिए ।



हलेसीको दर्शन तथा पूजाआजा गर्नाले मनोकाङ्क्षा पूरा हुने जनविश्वास रहिआएको छ । चट्टानैचट्टानले बनेको हलेसी मन्दिर आसपास महादेव गुफा, बसाहा गुफा, शिवपार्वती थान, भैरव गुफा, धर्मद्वार, पापद्वार, स्वर्गद्वारजस्ता विभिन्न द्वार अवस्थित छन् । प्राकृतिक भूबनोटको हिसाबले पनि विश्वकै नमूना मानिने हलेसीस्थित बसाहा गुफा महादेव गुफाको ठिक पछाडिपट्टि पर्छ । घना जङ्गलको बीचमा अवस्थित बसाहा गुफाको करिब ५० मिटरभित्र छिरेपछि देखिने आकाशको दृश्य प्राकृतिक सौन्दर्यको अनुमप उपहारजस्तो देखिन्छ ।

हलेसीमा रामनवमी, शिवरात्रि, बालाचर्तुदशी, हरितालिका तिज, बोलबमलगायतमा ठूलो मेला लाग्ने गरेको छ । रामनवमीका अवसर पारेर हलेसीमा १५ दिनसम्म लाग्ने मेलामा करोडौँको कारोबार हुने गरेको उद्योग वाणिज्य सङ्घ खोटाङका अध्यक्ष राजनप्रसाद आचार्यले बताएका छन । पछिल्लो समय यहाँ दर्शनार्थी तथा भक्तजनको घुइँचो लाग्न थालेपछि आपराधिक घटना हुन नदिन सिसी क्यामेरा जडान गरिएको छ । हलेसी तुवाचुङ नगरपालिका र इलाका प्रहरी कार्यालयको निगरानीमा रहनेगरी हलेसी बजार आसपास तथा मन्दिर परिसरमा सिसी क्यामेरा जडान गरिएको हो । हलेसी परिसरका २६ ठाउँमा सौर्यबत्ती जडान गरिएको छ ।

रामनवमीको अवसर पारेर आइतवार जिल्लाका विभिन्न धार्मिक तथा पर्यटकीयस्थल (बराहपोखरी, ट्याम्के, दिक्तेलको मझुवागढी, रुपाकोट, मैयुङ)लगायत ठाउँमा ठूलो मेला लाग्ने गरेको छ । पछिल्लो समय रामनवमीको अवसर पारेर जिल्लाका पर्यटकीयस्थलमा घुम्न तथा वनभोज खान जाने आन्तरिक पर्यटकको सङ्ख्या बढ्दै गएको छ । रासस

# जनकपुरमा रामनवमी महोत्सव



**धनुषा ।**
सीताको जन्मभूमि नगरी जनकपुरधाममा आइतबार रामनवमी पर्व धूमधामका साथ मनाइएको छ । भगवान् रामको जन्म चैत्रशुक्ल नवमी तिथिमा भएको स्मरणमा आइतबार रामनवमी पर्व विशेष उत्साहका साथ मनाउने गरिन्छ । शनिबारदेखि भारतको विभिन्न भेगका साथै नेपालको विभिन्न जिल्लाबाट हजारौँ श्रद्धालु भक्तजनासहित साधुसन्त रामनवमी पर्व मनाउन जनकपुरधाममा आएका छन् । मर्यादा पुरुषोत्तम रामको जन्मजयन्तीका अवसरमा रामनवमी महोत्सव आयोजना गरिएको हो ।

रामको प्रेमभूमि र सीताको जन्मभूमि जनकपुरधामको प्राचीन राममन्दिरमा आयोजित महोत्सवमा नेपाल र भारतका साधुसन्तसहित श्रद्धालु भक्तजनको उल्लेख्य सहभागिता रहेको जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णवले जानकारी दिए । उनका अनुसार मन्दिर परिसरमा श्रद्धालुद्वारा भजनकीर्तनका साथै मिथिलाञ्चलमा जन्मसंस्कारमा गाइने गीतले रामको जन्मोत्सवमा झैँ अनुभूति भइरहेको छ ।

'त्रेतायुगमा चैत्रशुक्ल नवमीका दिन रामको जन्म भएको शास्त्रमा उल्लेख गरिएको छ । अयोध्याका राजा दशरथपुत्र राम सूर्यवंशी क्षेत्रीय राजकूलका ६१औँ पुस्ताका रूपमा मानिन्छन् । 'राम शब्द रम्' धातुबाट बनेको हो जसको अर्थ क्रीडा, खेल र आनन्द हुन्छ । विद्वानहरूले यसलाई विभिन्न अर्थ लगाए पनि रामको अलौकिक सौन्दर्यमा जीव मात्रलाई रमाउने क्षमता छ, सोही क्षमताबाट उहाँको नाम राम भएको ग्रन्थमा उल्लेख छ,' वैष्णवले भने ।

राम परब्रह्मा, परमतप र परमतारक ब्रम्ह भएको विश्वासका आधारमा मानिसले आफ्ना सन्तति र ठाउँको नामसमेत राम राखेका पाइन्छ । महर्षि वैदिक विश्वविद्यालयमा गरिएको एक शोधमा विश्वमा रामको नाम जोडिएका एक हजारभन्दा बढी शहर रहेका पाइएको वैष्णवले जानकारी दिए । धार्मिक ग्रन्थमा शिवको रामभक्ति तथा हनुमान, नारद, अत्रि, अनुसूया, भरत, शवरीलगायतको रामप्रतिको प्रेम, भक्ति र उपासनाका बारेमा चर्चा गरिएको छ । कल्याणस्वरूप र सत्यस्वरूपका रूपमा पूजा गरिने राम पुण्य र मोक्षदायक हुन् । जसले रामनवमी व्रत गर्छ, त्यसले सम्पूर्ण पाप नाश गरी सिद्धि पाउँछ भन्ने शास्त्रमा वर्णन गरिएको महन्त वैष्णवले बताए । उनका अनुसार विश्वका महापुरूषको परम्परामा राम एक मात्र मर्यादा पुरूषोत्तम हुन् भने उनको राज्य व्यवस्था र आदर्श लोकतन्त्रका लागि प्रेरणाका स्रोत मानिन्छन् । अहिले पनि सुशासन, सुव्यवस्थालगायत लोककल्याणकारी, आदर्श व्यवस्थाका लागि शास्त्रीय गुणलाई एउटै शब्दमा पूर्ण अभिव्यक्ति दिन रामराज्य शब्दलाई व्याख्या गर्ने गरिएको जानकारहरू बताउँछन् । देशभक्ति, पितृभक्ति, मातृभक्ति, भातृप्रेम, प्रजावत्सलता, सरलता, सहिष्णुता, धार्मिकता, नैतिकता, क्षमाशीलता र वीरताका उदाहरण दिँदा पनि रामलाई सम्झिने गरिएको राम मन्दिरका महन्त राम गिरीले उल्लेख गरे । रामको जन्मोत्सवका अवसरमा विधिवत् पूजाअर्चना र साँझमा बधाई गानसहित झाँकी तथा गीतनाद आयोजना भएको थियो ।

कुर्था–जनकपुर–जयनगर मार्गमा नेपाल रेल्वे सञ्चालन भएकाले यहाँका जानकी मन्दिर र राम मन्दिरमा दर्शन गर्ने श्रद्धालु भक्तजनहरूको संख्यामा वृद्धि हुँदै गएको जनकपुरधाम उपमहानगरपालिका–३ का वडाध्यक्ष दीपेन्द्र साहले बताए । शोभायात्रा, झाँकी तथा सांस्कृतिक कार्यक्रममा धार्मिक मर्यादा कायम राख्न सबैलाई आग्रह गरिएको बताउँदै उनले शान्ति, सुव्यवस्था र धार्मिक सौहार्द कायम राख्न स्थानीय प्रशासनले आवश्यक तयारी गरेको जानकारी दिए । राम मन्दिरका महन्थ राम गिरीका अनुसार त्रेतायुगमा चैत्र शुक्ल नवमीका दिन अयोध्यामा श्रीरामको जन्म भएको धार्मिक मान्यता छ । त्यसैले यस दिनलाई सत्यमाथि असत्यको विजयको प्रतीकका रूपमा मनाइन्छ ।

रामनवमीको दिन बिहानै श्रद्धालुहरू गंगासागर, धनुषसागर, दशरथ तालाउ, अंगराजसर लगायतका सरोवरमा स्नान गरी मनोकामना पूरा हुने विश्वाससहित मन्दिरमा पूजा गरे । रामनवमी पर्वलाई लक्षित गर्दै जानकी मन्दिर, राम मन्दिर लगायत सम्पूर्ण धार्मिक स्थलहरूलाई दियो, फूल, रंगीन झ्यालझ्याल र तोरणले सजाइएको छ । विशेष सुरक्षाकर्मी परिचालन गरिएको छ । रामनवमीको अवसरमा जनकपुरधाम धार्मिक आस्थाको रंगमा रंगिएको छ । भगवान् रामको जन्म दिनको सम्झनामा मनाइने यो पर्वले नेपाल र भारतको धार्मिक सम्बन्ध झनै बलियो बनाउँदै धार्मिक एकता, शान्ति र विश्वासको सन्देश फैलाइरहेको छ ।

# वीरगंजमा भव्य शोभायात्रा



**मधेशदृष्टि**
**वीरगंज ।**
रामनवमी पर्वकै अवसरमा वीरगंजमा भव्य शोभा यात्रा निकालिएको छ । शोभा यात्रामा सहभागी भक्तजनले जय श्रीरामको नारा लगाएका थिए ।

रामजानकी मन्दिरबाट शुरु भएको शोभा यात्रा नगर परिक्रमा गर्दै पुनः घडिअर्वास्थित रामजानकी मन्दिरमा पुगेर टुंगिएको थियो । रामनवमीको शुभकामना दिँदै वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले शोभायात्राले सामाजिक सद्भाव र एकताको सन्देश दिएको बताए । वीरगंज महानगरपालिका धार्मिक पर्यटकीय नगरीको रुपमा विकास गर्न लागेको बताउँदै उनले त्यसमा सबै महानगरबासीले सहयोग गर्न पनि अनुरोध गरे । रामनवमीको अवसरमा सरकारले आइतबार सार्वजनिक बिदा दिएको थियो ।

यसैबीच रामनवमीको पावन अवसरमा कुर्मी सशक्तिकरण मञ्च पर्साले आइतबार वीरगंजमा भव्य मोटरसाइकल ¥याली आयोजना गरेको छ । कुर्मी समुदायलाई श्रीरामजीको वंशजका रूपमा मानिने भएकाले यो पर्वलाई विशेष रूपमा मनाउने गरिएको मञ्चका महासचिव अनुराग कुर्मीले जानकारी दिए । मञ्चले विगत तीन वर्षदेखि रामनवमी पूजा महोत्सव भव्य रूपमा मनाउँदै आएको जानकारी गराएको छ ।

# मन्त्री गुप्ताद्वारा पोखरियामा सडक र नाला शिलान्याश

**मधेशदृष्टि**
**पर्सा ।**
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ताले पर्साको पोखरिया नगरपालिका–२ लमरियामा सडक र नाला शिलान्याश गरेका छन् । भौतिक पूर्वधार विकास मन्त्रालयको बजेटबाट २५ लाख रुपैयाँको लागतमा सडक र नाला निर्माण हुन लागेको हो । १ सय ३२ मिटर सडक र १ सय ७ मिटर नाला मन्त्री गुप्ताले शिलान्याश गरे ।

मन्त्री गुप्ताले सरकारले तराई मधेशका आदिवासी, जनजाति, मधेशी र सिमान्तकृत समुदायको चौतर्फी विकासका लागि विभिन्न कार्यक्रम लागु गरिएको बताए । मन्त्री गुप्ताले आफ्नो पहल र सहयोगले नाला र सडकका लागि भौतिक पूर्वधार विकास मन्त्रालयमार्फत बजेट उपलब्ध गराएको बताउँदै काम इमान्दारिताका साथ सम्पन्न गरे आगामी वर्ष थप बजेट उपलब्ध गराउने प्रतिवद्धता जनाए ।

उनले भने, 'जहिल्यै तराई मधेशका जनताको गुनासो सरकारले हामीलाई हेरेन भन्ने थियो तर, सरकारले पहिलो तटक तराई मधेशका जनताको समस्यालाई सम्बोधन गर्ने प्रयास गरेको छ ।' उनले तराई मधेशमा सीमा पारिको छिमेकी भन्दा बढी वारी नेपालमा विकासको आफ्नो चाहना रहेको बताउँदै त्यसका लागि आफू निरन्तर लागिपरेको बताए । मन्त्रिपरिषद्मा यो क्षेत्रलाई आद्योगिक क्षेत्रका रुपमा विकास गर्ने योजना चलिरहेकाले योजना सफल पार्न आफू लागि परेको उनले बताए ।

नेकपा एमालेका केन्द्रीय सदस्यसमेत रहेका मन्त्री गुप्ताले सबैले आआफ्नो जिम्मेवारी बुझेर काम गरे समृद्धि आउन समय नलाग्ने बताउँदै जिम्मेवारी बोध गर्न आग्रह गरे ।

मन्त्री गुप्ताले रात दिन काम चलिरहेको जानकारी दिँदै छिट्टै सबै तहमा कर्मचारी व्यवस्थापन भइसक्ने दाबी गरे । पोखरियाका मेयर प्रधुम्न चौहानले नगरपालिकाको विकासका लागि विभिन्न मन्त्रालयबाट बजेट विनियोजन गराउन मन्त्री गुप्तासँग आग्रह गरे ।

# छिपहरमाईमा चैतेनवमी मेला



**राजन कुमार बानिया**
**पर्सा ।**
पर्साको छिपहरमाई गाउँपालिकाको बंजारीस्थित प्रसिद्ध ऐतिहासिक पर्यटकीय एवम् धार्मिकस्थल छिपहरमाईमा चैतनवमीको अवसरमा मेला लागेको छ । वर्षमा दुईपटक मेला लाग्ने गर्दछ ।

चैतनवमीका अवसरमा र विजयादशमीका अवसरमा दशमीका दिन दशहरा मेला लाग्दै आइरहेको छ । मेलामा भारतीय क्षेत्रको मुख्य बजार सिकटा, मैनाटाड, बेतिया, नरकटियागंज, रामनगर, बागहा, रक्सौल, मोतिहारी, लौरिया र नेपालको पर्सा, बारा, रौतहटलगायतका स्थानबाट भक्तजन आएका थिए । उनीहरुले पूजापाठ, चुनरी, प्रसाद, नरिवल, कराहीसमेत चढाए ।

यहाँ रांगा, बोका, परेवालगायतको बली पनि चढाउने चलन छ । छिपहरमाई जगताको रुपमा रहेकाले भक्तजनले आफ्नो मनमा राखेको कुरा भाकल पूरा भइसकेकाले भाकेको कुरा ल्याउने गर्छन् । मनोकामना पूर्ण भएपछि यहाँ अखण्ड अष्टयामहरु गराउने गर्छन् । यहाँ अखण्ड अष्टयाम गराउन पहिले नै समय लिनुपरिरहेकाले यसपालि तीनजना भक्तजनको अष्टयाम भएको थियो । भक्तजनलाई छिपहरमाईले भाकल पूरा गरेपछि महिला भक्तजनले आँचलमा नेटुवाको नाच नचाउने गर्छन् । मन्दिरका पुजारीले देवीदेवता बोलाएर विभिन समस्या समाधान गर्ने गरेको छिपहरमाई गाउँपालिकाका अध्यक्ष मनोज कुमार गुप्ताले बताए । उनले भने, 'यहाँ हजारौँको संख्यामा भक्तजन आउने गर्छन्, सबै भक्तजनको मनोकामना पूर्ण हुन्छ, त्यसकारण माताको स्थानमा आएर पूजापाठ गर्छन् ।' छिपहरमाईको मेलामा सुरक्षाका लागि प्रहरी, सशस्त्र प्रहरी, गाउँपालिका प्रहरी र स्थानीय स्वयमसेवक परिचालन गरिएको थियो ।

# गजेन्द्र नारायणको सम्झनामा विविध कार्यक्रम



**मनोज माझी**
**राजविराज ।**
मधेशी अधिकारका लागि संगठित अभियानको नेतृत्व गरेका नेता स्व. गजेन्द्र नारायण सिंहको राजनीतिक योगदानको सम्झना गर्दै आइतबार सप्तरीमा विभिन्न कार्यक्रमसहित उनको जन्मजयन्ती मनाइएको छ ।

मधेशवादी नेता सिंहको ९६ औँ जन्मजयन्तीका अवसरमा जसपा नेता एवम् महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री नवलकिशोर साहले हनुमाननगर कंकालिनी नगरपालिकाको तीन स्थानमा बनाइएको स्व. सिंहको शालिकमा माल्यार्पण गर्दै उनको योगदानबारे चर्चा गरे ।

उनले मधेशी जनताको अधिकारका लागि संगठित अभियान चलाएका सिंह निष्ठाको राजनीति गर्ने महान पुरुष भएको भन्दै उनीबाट सबैले प्रेरणा लिनु पर्ने बताए । उनले सिंहले गरेको योगदान सधैँ अमर रहने बताए । हनुमाननगर कंकालिनी नगरपालिकाका पूर्व मेयर शैलेश साह, युवा नेता सुमित साह, निवर्तमान वडाअध्यक्ष सत्य नारायण यादव, प्रिन्सिपल सुरेश यादवलगायतले सिंहको योगदानबारे चर्चा गरेका थिए ।

आइतबार नै राष्ट्रिय मुक्ति पार्टी तथा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालले पनि नेता सिंहको जन्मजयन्तीका अवसरमा राजविराजस्थित गजेन्द्र चोकमा सरसफाइ, उनको शालिकमा माल्यार्पण तथा लड्डुसमेत बाँडे । राष्ट्रिय मुक्ति पार्टी सप्तरीका अध्यक्ष दीपेन्द्र चौधरी, केन्द्रीय नेता गजेन्द्र कुमार मण्डल, संविधानसभा सदस्य महेश यादव, लोसपा जिल्ला अध्यक्ष सुनिल कुमार झा, केन्द्रीय उपाध्यक्ष जयप्रकाश ठाकुर, अमरकान्त झा, राजविराज नगरपालिकाका पूर्वमेयर शम्भु प्रसाद यादव, उपमेयर साधना झा, रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादवलगायतले सिंहले विशेषगरी मधेशको राजनीतिमा पुर्‍याएको योगदान भावी पुस्ताका लागि अनुकरणीय रहेको बताए ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका घर भएका सिंहको १९९८ सालमा रामनवमीकै दिन जन्म भएको थियो ।

प्रत्येक वर्ष रामनवमीका दिन उनका अनुयायीले विभिन्न कार्यक्रम गरी सिंहको जन्मजयती मनाउने गरेका छन । सिंहले २०४७ सालमा सद्भावना परिषद हुँदै नेपाल सद्भावना पार्टी गठन गरेका थिए । पार्टीमार्फत उनले मधेशी अधिकारका लागि संगठित अभियान चलाएका थिए ।

# ह्विल चियरले अशक्तमा जगाएको उत्साह



नेपाल सद्भावना पार्टीका संस्थापक गजेन्द्र नारायण सिंहको ९६ औँ जन्मजयन्ती एवम् रामनवमीको अवसर पारेर महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्री नवलकिशोर साहले आइतबार शारीरिक रुपमा अशक्त भई कष्टकर बिताउन बाध्य २५ जनालाई ह्विल चियर वितरण गरेका छन् । जनता समाजवादी पार्टीका उपाध्यक्षसमेत रहेका मन्त्री साहले सिंह आफ्नो राजनीतिक जीवनमा प्रेरणाको श्रोत रहेको भन्दै उनको जन्मजयन्ति सामाजिक कार्य गरेर मनाउन शुरु गरेको बताए ।

रोटरी क्लब अफ बर्दिबास र रोटरी क्लब अफ मेट्रो काठमाडौँको सहयोगमा उपलब्ध अत्याधुनिक प्रविधिको ह्विल चियर मन्त्री साहले गृहनगर हनुमाननगर कंकालिनी नगरपालिकामा वितरण गरे । ह्विल चियर पाउनेमा ७ वर्षदेखि ७५ वर्ष उमेर समूह सम्मका २५ जना छन् । नगरपालिकाभित्र शारीरिक रुपमा पूर्ण रुपमा अशक्त भएकाको पहिचान गरी पहिलो चरणमा २५ थान ह्विल चियर बितरण गरिएको रोटरी क्लब अफ बर्दिबासका अध्यक्ष बिष्णुराज पुरीले बताए ।

# पूर्णपाठमा अन्याय भए आन्दोलन गरिने

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज मेनरोडका बासिन्दा, व्यापारी र श्रमिकले परम्परागत जग्गा सरकारद्वारा गैरकानूनीरूपमा खोस्ने प्रयासको विरोध गर्दै आन्दोलन गर्ने चेतावनी दिएका छन् । उनीहरूले आफ्नो आक्रोश र पीडा व्यक्त गर्दै सरकार र सर्वोच्च अदालतको ध्यानाकर्षण गराएका छन् । वीरगंजका युवा तथा व्यापारी सडक पीडित सङ्घर्ष समितिका सदस्यले सर्वोच्च अदालतले रिट खारेज गरे पनि पूर्णपाठ अझै प्राप्त नभएको र पूर्णपाठले अन्याय गरेको ठहर भए थप कानूनी कदम चाल्ने चेतावनी दिएका छन् । सङ्घर्ष समितिका संयोजक कुन्दन रौनियारले कानूनी प्रक्रियामा उल्लङ्घन भएको आरोप लगाए । मेनरोडका बासिन्दा र व्यापारीले सरकारको तर्फबाट पहुँचवालालाई मात्र संरक्षण दिने र स्थानीय नागरिकलाई सुकुम्बासी बनाउन खोजिएको आरोप पनि लगाएका छन् । उनीहरूले संविधानको समानता र न्यायको भावनाविपरीत सरकारले काम गरिरहेको भन्दै विरोध जनाएका छन् ।

सङ्घर्ष समितिका अनुसार, न्याय नपाए उनीहरूको आन्दोलन जारी रहनेछ । समितिले वीरगंज उद्योग वाणिज्य सङ्घलाई सबै राजनीतिक दललाई एक मञ्चमा ल्याएर समाधानको पहल गर्न आग्रह गरेको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन